# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० अंक २६५ काठमाडौं बुधबार, १० माघ २०८० Prabhab National Daily Wednesday, January 24, 2024 www.prabhaonline.com



मूल्य रू. ५।–


संसद्को सम्भावित कार्यसूची

## सम्पत्ति शुद्धीकरण प्राथमिकतामा, टिआरसीबारे मौन



**धनराज गुरुङ**
मन्त्री, कानुन, न्याय तथा संसदीय मामिला

संसद्मा पेस गरिने विधेयकबारे अहिले दैनिक छलफल चलिरहेको छ । मंगलबारमात्र सातवटा र सोमबार चारवटा विधेयकबारे छलफल भए ।



- आगामी फागुन १५ गतेसम्मको सम्भावित तालिकामा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) सम्बन्धी विधेयकलाई प्राथमिकतामा राखिएको छ भने संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) विधेयकबारे मौन देखिन्छ
- मनी लाउन्डरिङसम्बन्धी विधेयक पारित गर्नका लागि संसद्ले फागुन १० गतेको समय तोकेको छ । उक्त दिन शून्य समय, विशेष समय, मन्त्रालयगत प्रश्नोत्तर, राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ लाई समितिमा पठाउने र मनी लाउन्डरिङ विधेयक, २०७९ लाई पारित गर्ने सम्भावित कार्यसूचीमा राखिएको छ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले संसद्को बैठक बोलाउने तयारी गरेसँगै प्रतिनिधिसभाले सम्भावित कार्यसूची तयार गरेको छ । लामो समयदेखि थन्किएका विधेयक पारित गराउने दबावमा रहेको प्रतिनिधि सभाले माघ र फागुनको सम्भावित कार्यसूची नै तयार गरेको हो ।

मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले संघीय संसद्को दुवै सदनको बैठक बोलाउन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो । '२०८० माघ २२ गते ४ बजे संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय भएको छ,' बैठकपछि निर्णय सुनाउँदै सरकारकी प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भनिन् । असार १८ मा बजेट अधिवेशन अन्त्य भएयता बल्ल संसद् बैठक बस्न लागेको हो ।

### यस्तो छ सम्भावित कार्यतालिका

संघीय संसद् सचिवालयले माघ २२ गतेदेखि लागू गर्ने तयारीका साथ सम्भावित संसदीय क्यालेण्डर तयार गरेको छ। आगामी फागुन १५ गतेसम्मको सम्भावित तालिकामा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) सम्बन्धी विधेयकलाई प्राथमिकतामा राखिएको छ । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) बारे भने मौन देखिन्छ ।

मनी लाउन्डरिङसम्बन्धी विधेयक पारित गर्नका लागि संसद्ले फागुन १० गतेको समय तोकेको छ । उक्त दिन शून्य समय, विशेष समय, मन्त्रालयगत प्रश्नोत्तर, राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ लाई समितिमा पठाउने र मनी लाउन्डरिङ विधेयक, २०७९ लाई पारित गर्ने सम्भावित कार्यसूची रहेको छ ।

मनी लाउन्डरिङसम्बन्धी विधेयक संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिमा दफावार छलफल सकेर संसद्मा पेस भइसकेको छ । यससम्बन्धी संसद्मा दफावार छलफल र प्रधानमन्त्री पुष्पकमल दाहालसँग प्रश्नोत्तर माघ २३ गतेका लागि तोकिएको छ । उक्त दिन विपक्षी दलका नेताहरूलाईसमेत समय दिने उल्लेख गरिएको छ ।


(क्रमशः पृष्ठ २ मा)


उपेन्द्र–सिके टकराव

# मधेस सरकारबाट बाहिरियो जनमत, संघमा कायमै

■ **जेबी योञ्जन**

**काठमाडौं–** जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टीबीचको बढ्दो टकराव छताछुल्ल भएको छ । जनमतले मंगलबार जसपा नेतृत्वको मधेस सरकारबाट समर्थन फिर्ता लिएको छ । सरकारबाट पनि बाहिरिएको छ ।

शिक्षा तथा संस्कृतिमन्त्री महेशप्रसाद यादव र श्रम तथा यातायातमन्त्री डा. चन्दन सिंहले मंगलबार मुख्यमन्त्री सरोजकुमार यादवलाई राजीनामापत्र बुझाएका हुन् । जनमतले चालेको यो कदमले कतै केन्द्रीय गठबन्धनमा असर गर्दैन ? प्रश्न उब्जेको छ । जनमतको प्रतिनिधिसभामा छ सिट छ । सुरूदेखि नै जनमत केन्द्रीय गठबन्धनमा छ । जनमतका महासचिव डा. चन्दन सिंहले पार्टी सचिवालय बैठकबाट केन्द्र थप कदम चालिने बताए ।

'अहिलेलाई हामी मधेस सरकारबाट अलग भयौं । त्यहाँको सरकारलाई दिएको समर्थन पनि फिर्ता लियौं । अब संघीय सरकारबाट के गर्ने ? केन्द्रीय गठबन्धनबाट अलग हुने कि नहुने ? सचिवालय बैठकबाट निचोड निकाल्छौं,' महासचिव सिंहले प्रभावसँग भने । जसपा र जनमतबीच चुनावअघिदेखि नै मधेसमा एकअर्काबीच वर्चश्वको लडाइँ जारी छ । तर, सोमबार डा. चन्द्रकान्त (सिके) राउत नेतृत्वको दल जनमतको विरोधका बाबजुद मधेस कृषि विश्वविद्यालयको शिलान्यास जसपा अध्यक्ष उपेन्द्र यादवले गरेपछि टकराव झनै चुलिएको हो ।


(क्रमशः पृष्ठ २ मा)








### उपेन्द्र–सिके आपसमा कठोर



जसपा अध्यक्ष उपेन्द्र यादव मधेस आन्दोलनबाट स्थापित नेता हुन् । लगातार उनी डेढ दशकयता संसद्मा छन् । अर्कोतर्फ डा. सिके राउत गत चुनावबाट राष्ट्रिय राजनीतिमा उदाएका नेता हुन् । जनमत पार्टीका अध्यक्ष राउत शान्तिपूर्ण राजनीतिमा आउनुअघि स्वतन्त्र मधेस गठबन्धनको विखण्डनकारी नारा लगाउँथे ।

तर, गत निर्वाचनपछि राजनीतिमा स्थापित राउतको दल जनमत र पुराना मधेसका दल जसपा बारम्बार प्रतिस्पर्धी पार्टी भएको छ । अर्थात् अर्को शब्दमा भन्दा मधेसका यी दुई दलले एकअर्कालाई दुष्मन शक्ति ठानेको छ । सोहीअनुसार एकअर्काबीच छेकाछेकको स्थितिमा दुई दल पुग्ने गरेका छन् । त्यसका केही दृष्टान्त छन् ।

पहिलो, गत चुनावमा जसपा अध्यक्ष यादव र जनमत अध्यक्ष राउतबीच प्रतिनिधिसभा चुनावमा प्रतिस्पर्धा भयो । त्यहाँ राउतले यादवलाई पराजित गरे । चुनावअघि नै राउतको दल जनमतले जसपा र उक्त दलका अध्यक्ष यादवविरुद्ध मधेसमा अभियान छेडेका थिए ।


(क्रमशः पृष्ठ २ मा)




अहिलेलाई हामी मधेस सरकारबाट अलग भयौं । त्यहाँको सरकारलाई दिएको समर्थन पनि फिर्ता लियौं । अब संघीय सरकारबाट के गर्ने ? सचिवालय बैठकबाट निचोड निकाल्छौं ।

**डा. चन्दन सिंह**
महासचिव, जनमत पार्टी

राजनीति गर्ने व्यक्तिले सरकारमा रहँदाको भूमिका र नरहँदाको भूमिकाबारे जान्न सक्नुपर्छ । आफैं सरकारमा बस्ने अनि त्यही सरकार मुर्दावाद पनि भन्ने अनि आफूचाहिँ को त ?

**उपेन्द्र यादव**
अध्यक्ष, जसपा

सन्दर्भः वैदेशिक रोजगार

सरकारको यात्रा परामर्श

# रोजगारीका लागि भिजिट वा पर्यटकीय भिसामा जानेमाथि कडाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पछिल्लो समय रोजगारीका लागि गैरकानुनी रूपमा भ्रमण तथा पर्यटकीय भिसा लिएर विदेश जाने नेपालीको संख्या बढेपछि सरकारले त्यसलाई नियन्त्रण गर्न यात्रा परामर्श (ट्राभल एड्भाइस) जारी गरेको छ । अध्यागमन विभागले भिजिट तथा पर्यटकीय भिसामा विदेश गएर कामको खोजी गर्ने नेपालीको संख्या दिनानुदिन बढ्दै जानुले विभिन्न समस्या उत्पन्न भएको उल्लेख गर्दै मंगलबार यात्रा परामर्श जारी गरेको हो ।

विभागका महानिर्देशक रुद्रसिंह तामाङले भिजिट तथा पर्यटकीय भिसामा विदेश प्रस्थान गर्ने यात्रुलाई प्रस्थान अनुमति दिने प्रक्रिया सरल बनाइएको बताए । यसअघि २०७८ फागुन २५ मा जारी भएको नेपाल सरकार (सचिवस्तर) को निर्णय २०८० माघ ९ को उपप्रधान तथा गृहमन्त्रीस्तरको निर्णयबाट खारेज भई नयाँ छ बुँदे कार्यविधि जारी भएको उनले बताए । 'घुम्ने र परिवार भेट्न जाने यात्रुहरूले सेटिङको नाममा कुनै पनि विचौलियालाई रकम बुझाएर विदेश यात्रा नगर्नुहुन र भिजिट तथा पर्यटकीय भिसामा विदेशमा गएर श्रमसँग सम्बन्धित कार्य नगर्नुहुन सबैमा अनुरोध छ,' महानिर्देशक तामाङले आफ्नो फेसबुक पेजमा लेखेका छन् । भिजिट तथा पर्यटकीय भिसामा यात्रा गर्नुअघि अनिवार्य रूपमा नेपाल सरकारबाट जारी भएको यात्रा परामर्श अध्ययन गर्नसमेत उनले गरेका छन् ।




विभागले मंगलबार विभिन्न १३ बुँदे ट्राभल एड्भाइस जारी गर्दै रोजगारीको उद्देश्यले भिजिट वा पर्यटकीय भिसामा यात्रा गर्नेहरूले नक्कली कागजात पेस गर्ने, झूठा विवरण तयार गर्ने, भिसाको उद्देश्यविपरीत एक देशको गन्तव्य भनी अन्यत्र देशको भ्रमण गर्ने, द्वन्द्वग्रस्त मुलुकसम्म पुगी अलपत्र पर्ने, विदेशी सशस्त्र तथा सैनिक सेवामा प्रवेश गर्नेजस्ता गतिविधिले जोखिम निम्त्याएको भन्दै भ्रमण गर्ने मुलुकको पूर्णजानकारी लिएर मात्रै उद्देश्यअनुरूप यात्रा गरी आफूलाई सुरक्षित राख्न थप सजगता अपनाउन आग्रह गरेको छ । साथै, भिजिट तथा पर्यटकीय भिसामा विदेश गएर कामको खोजी गर्नु गैरकानुनी कार्य रहेको जनाउँदै यस्तो भिसा लिएर काम गर्न खोज्दा सम्बन्धित देशको कानुनअनुसार कारबाहीमा परिने र विभिन्न समस्या भोग्नुपर्ने उल्लेख गरेको छ ।

यस्तै नेपालीहरूको श्रम गन्तव्य रहेका कुवेत, ओमान, युएई र बहराइनलगायतका मुलुकमा विचौलियाहरूले प्रभावमा पारी महिलाहरूलाई भिजिट तथा पर्यटकीय भिसामा पुऱ्याइ 'वर्किङ भिसा'मा परिणत गराउने कार्य भइरहेको पनि विभागले उल्लेख गरेको छ । त्यस्तो कार्यबाट महिलाहरू ठगीमा पर्ने, असुरक्षित र अमर्यादित श्रममा संलग्न हुनुपर्ने, तोकिएको भन्दा फरक गन्तव्यमा पुऱ्याउने, र घरेलु प्रकृतिका जोखिमयुक्त काम गर्नुपर्ने र सामाजिक सुरक्षाबाट वञ्चित हुनुपर्ने सम्भावना रहेकोले सरकारबाट श्रम स्वीकृति लिएर वर्किङ भिसामामात्रै विदेश जान सुझाइएको छ ।


(क्रमशः पृष्ठ २ मा)




घुम्ने र परिवार भेट्न जाने यात्रुहरूले सेटिङको नाममा कुनै पनि विचौलियालाई रकम बुझाएर विदेश यात्रा नगर्नुहुन र भिजिट तथा पर्यटकीय भिसामा विदेशमा गएर श्रमसँग सम्बन्धित कार्य नगर्नुहुन सबैमा अनुरोध छ ।

**रुद्रसिंह तामाङ**
महानिर्देशक, अध्यागमन विभाग

नार्कमा वरीयता मिचेर डा. भट्टराईलाई जिम्मेवारी

## कृषिमन्त्री भुसालको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश

■ **वैकुण्ठ भण्डारी**

**काठमाडौं–** उच्च अदालत पाटनले नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का कायममुकायम कार्यकारी निर्देशकको रूपमा डा. ध्रुवराज भट्टराईलाई कामकाज नगर्न नगराउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई अन्तरिम आदेश दिएको छ । डा. टीकाराम चापागाईंलगायतले दर्ता गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश हरिप्रसाद पौडेलको एकल इजलासले गत सोमबार उक्त आदेश दिएको हो ।

परिषद्का तात्कालीन कार्यकारी निर्देशक डा. दीपक भण्डारीको उमेर हदका कारण अवकाश पाएसँगै रोलक्रममा दोस्रो नम्बरमा रहेको कर्मचारी स्वतः निमित्त हुने नियम उल्लंघन गर्दै गत जेठ ३१ गते कृषि तथा पशुपन्छी विकासमन्त्री डा. वेदुराम भुसालले ४०औं नम्बरमा रहेका कनिष्ठ एस–३ का डा. भट्टराईलाई कामु कार्यकारी निर्देशक बनाएका थिए ।

मन्त्री भुसालले वरीयताक्रमको ४०औं नम्बरमा रहेको व्यक्तिलाई कामु कार्यकारी निर्देशक बनाएपछि वरिष्ठ कर्मचारी अन्तरिम आदेशका लागि उच्च अदालतमा रिट दायर गर्न पुगेका थिए । तर अदालतले सो रिटमाथि तत्काल सुनुवाइ नगरिएपछि भट्टराईले आफूभन्दा वरिष्ठ ३९ जना एस–४ र एस–५ लाई काम गराउने भाग्यमानी कामु कार्यकारी निर्देशक बन्न सफल भएका थिए । कृषि अनुसन्धानमा जुट्नुपर्ने नार्कमा सोही कारण पनि कृषि वैज्ञानिक कर्मचारीबीचको मतभेद बढ्दै गएको थियो । नार्कले नियमित प्रशासनिक कामबाहेक अरु काम गर्न सकिरहेको थिएन ।

छ महिना कामु कार्यकारी निर्देशक चलाएका डा. भट्टराईलाई पुनः कृषिमन्त्री भुसालले २०८० पुस २३ गते दोस्रो कार्यकालका लागि कामु कार्यकारी निर्देशकको जिम्मेवारी सुम्पिएका थिए । मन्त्री भुसालले पुनः भट्टराईलाई परिषद्को कर्मचारी प्रशासन विनियम, २०४९ विपरीत जिम्मेवारी दिएपछि डा. टीकाराम चापागाई, डा. भानुभक्त पोखरेल र डा. श्रीमत श्रेष्ठसहित तीनजनाले कामु कार्यकारी निर्देशकको जिम्मेवारीमा काम नगर्न नगराउन माग गर्दै उच्च अदालतमा रिट दर्ता गरेका थिए ।


(क्रमशः पृष्ठ २ मा)





### कायममुकायमका लागि कानुनी व्यवस्था

परिषद्को कर्मचारी प्रशासन विनियम, २०४९ को दफा १५ को उपदफा (१) को प्रयोजनका लागि सेवाको रिक्त वा पदाधिकार रहेको कुनै विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा कायममुकायम गर्दा उक्त पदमा बढुवाका लागि योग्यता पुगेका सम्बन्धित समूहका उपलब्ध कर्मचारीहरूमध्ये ज्येष्ठता, कार्यकुशलता तथा शैक्षिक योग्यताको आधारमा मन्त्रालयले उपयुक्त ठहऱ्याएको व्यक्तिलाई कायममुकायम बनाउने उल्लेख छ ।

पृष्ठ १ बाट क्रमशः

### मधेस सरकारबाट...

यादवले शिलान्यास गर्ने कार्यक्रमलाई बिथोल्न मधेस सरकारकै शिक्षामन्त्री रहेका महेशप्रसाद यादव नेतृत्वमा प्रदर्शन भएको थियो । त्यसक्रममा प्रहरीले लाठीचार्ज गर्दा मन्त्री यादव घाइते भएका थिए । जनमतका केही सांसद पनि घाइते भए । घटनाको भोलिपल्टै मंगलबार जनमतले मधेस प्रदेश सरकारबाट अलग हुने कदम चालेको हो ।

महासचिव सिंहले भने, 'अरु मन्त्रीकै अगाडि हाम्रा मन्त्रीको टाउको फुटाइयो । यसलाई हामीले गम्भीर रूपमा लियौं । अन्ततः हामीले सरकारमा बसिरहन उचित ठानेनौं ।' गठबन्धनमा रहेर पनि जनमत घरिघरि सरकारकै कडा आलोचक बन्ने गरेको छ । गठबन्धनकै विरुद्धमासमेत उभिने गरेको थुप्रै दृष्टान्त छन् । तर, यो दलले यदि केन्द्रीय गठबन्धनबाट अलग हुने निर्णय गरे पनि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको संघीय सरकारलाई कुनै असर नपर्ने देखिएको छ । किनभने बहुमतका लागि १३७ सांसद आवश्यक हुनेमा गठबन्धनबाट जनमत अलग भए पनि १४० सांसद हुने छन् । यो सरकार टिकाउन आवश्यकभन्दा बढी सांसद संख्या हो ।

जनमत मधेस सरकारबाट अलग भएपछि जसपा अध्यक्ष यादवले जनमतलाई विचार र सिद्धान्तविहीनहरूको जमात भएको टिप्पणी गरेका छन् । जनमतले पटक-पटक निकै अशोभनीय कार्यहरू गरिरहेको उनको आरोप छ । सप्तरी सदरमुकाम राजविराजमा मंगलबार पत्रकारहरूसँग उनले आफैं सहभागी सरकारलाई मुर्दावाद भनिएको भन्दै जनमतविरुद्ध आक्रोश पोखे ।

'राजनीति गर्ने व्यक्तिले सरकारमा रहँदाको भूमिका र नरहँदाको भूमिकाबारे जान्न सक्नुपर्छ । आफैं सरकारमा बस्ने अनि त्यही सरकार मुर्दावाद पनि भन्ने अनि आफूचाहिँ को त ? यो नैतिक प्रश्न हो,' उनले भने, 'कि सुध्रिनुपर्‍यो कि सुधार्नुपर्‍यो । उहाँहरू जुन बाटो हिँड्नुभएको छ, जुन हर्कत गरिरहनुभएको छ यो अशोभनीय हो ।' जनमतलाई अब गठबन्धनमा बोक्नसक्ने अवस्था नरहेको पनि यादवले बताए । 'संस्कार सिकोस्, सुधारियोस् भन्ने हाम्रो चाहना हो तर सुध्रिएन भने कसले कसलाई बोक्छ र ?,' यादवले भने ।

#### के हो शिलान्यास काण्ड ?

जसपा नेता तथा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री मोहम्मद लालबाबु राउत नेतृत्वको तत्कालीन सरकारले सप्तरी-२ मा मधेस कृषि विश्वविद्यालय घोषणा गरेको थियो । जतिबेला यस क्षेत्रबाट प्रतिनिधिसभा सदस्य जसपा अध्यक्ष उपेन्द्र यादव थिए । गएको निर्वाचनमा यहाँ जनमतका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतसँग पराजित भए ।

यसपछि राउतले मधेस कृषि विश्वविद्यालय आफ्नो चुनावमा क्षेत्रमा रहेको र उक्त विश्वविद्यालय बचाउन ३० करोड रूपैयाँ बजेट सुनिश्चित गरेको बताउँथे । तर, उक्त विश्वविद्यालयको कुलपति रहेका जसपाबाट मुख्यमन्त्री भएका सरोजकुमार यादवले विश्वविद्यालय शिलान्यास गर्न यादवलाई प्रमुख अतिथिको रूपमा निम्त्याए । त्यसपछि राउत रिसाए । अर्को चुनाव क्षेत्रको सांसदलाई आफ्नो क्षेत्रको कृषि विश्वविद्यालयको शिलान्यासमा प्रमुख अतिथि बनाएको भन्दै राउतको दल जनमतले प्रदर्शन गर्‍यो । त्यसअघि भने गृह मन्त्रालयलाई पत्र पठाउँदै सुरक्षा चुनौती निम्तिनसक्ने भनी शिलान्यास स्थगित गर्न राउतले आग्रह गरे । राउतको दलबाट मधेस सरकारमा शिक्षामन्त्री रहेका कृषि विश्वविद्यालयका सहकुलपति महेशप्रसाद यादवले पनि स्थगित गर्न आग्रह गरे । जनमतका कार्यकर्ताले विश्वविद्यालयमा तालासमेत लगाए । त्यति हुँदाहुँदै पनि मंगलबार शिलान्यास भयो । यसपछि जनमत असन्तुष्ट बन्दै समर्थन फिर्ता लिँदै सरकारदेखि बाहिरिएको हो ।

### उपेन्द्र-सिके ...

गत वर्ष नै भएको उपराष्ट्रपति चुनावमा पनि जनमतले जसपाका उम्मेदवार रामसहायप्रसाद यादवविरुद्ध ममता झालाई उम्मेदवार बनायो । यादवले चुनाव जिते । हाल उपराष्ट्रपति छन् । त्यसपछि बारा-२ मा उपनिर्वाचन हुँदा गठबन्धनले साझा उम्मेदवार जसपा अध्यक्ष यादवलाई बनाएको अवस्थामा जनमतले गठबन्धनमै बसेर शिवचन्द्र कुशवाहलाई उम्मेदवार बनाए । यादव निर्वाचित हुँदा कुशवाहा पराजित भए ।

भोलि (११ माघमा) हुने राष्ट्रिय सभा चुनावमा पनि मधेसमा जनमतले जसपा उम्मेदवारविरुद्ध उम्मेदवार खडा गरेको छ । यी परिदृश्यले मधेसमा राजनीतिक स्पेस लिन जसपा-जनमत नेतृत्वबीच प्रतिशोधपूर्ण लडाइँ जारी रहेको देखाउँछ ।

### सम्पत्ति शुद्धीकरण...

#### वधेयकमाथि विधेयक

अघिल्लो संसद्मा खासै काम हुन नसकेपछि यसपटक संसद्मा विधेयकको चाङ थुप्रिएको छ । ती विधेयक जसरी पनि पारित भएर कानुनको रूपमा आउनुपर्ने कानुनमन्त्री धनराज गुरुङ बताउँछन् । दर्जन विधेयकहरू टुंगोमा पुर्‍याउन संसद्मा पेस हुने विधेयकहरूबारे सम्बन्धित मन्त्रालयका अधिकारीसँग दैनिक छलफल चलिरहेको मन्त्री गुरुङले बताए । 'अहिले संसद्मा पेस गरिने विधेयकबारे दैनिक छलफल हुन्छ । मंगलबारमात्र सातवटा र सोमबार चारवटा विधेयकबारे छलफल भए,' उनले भने ।

प्रतिनिधिसभामा माघ २१ गते शून्य समय चलाउने र प्रतिनिधिसभामा उत्पति भएको बैंकिङ कसूर तथा सजायसम्बन्धी विधेयकमाथि सामान्य छलफल चलाउने, २२ गते शून्य समय र विशेष समय चलाउने, राष्ट्रिय सभाबाट पारित भएर आएको विद्युतीय व्यापारसम्बन्धी विधेयकमाथि सामान्य छलफल चलाउने भनिएको छ ।

फागुन १ गते पाँचौं बैठक चलाउने र त्यस दिन शून्य र विषय समयमा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित मन्त्रीलाई दिन लगाउने, बैंकिङ कसूरसम्बन्धी विधेयक दफावार छलफलका लागि विषयगत समितिमा पठाउने सम्भावित कार्यतालिका छ ।

फागुन ३ गते प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम राख्ने सम्भावित तालिका छ । प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम सकिएपछि भन्सार विधेयकमाथि सामान्य छलफल चलाउने र विद्युतीय व्यापार विधेयकलाई दफावार छलफलका लागि विषयगत समितिमा पठाउने उल्लेख छ ।

फागुन ४ गते शून्य र विशेष समय चलाउने, राष्ट्रिय सभाबाट पारित भएर आएको मर्यादासम्बन्धी विधेयकमाथि सामान्य छलफल चलाउने, ध्यानाकर्षण/संकल्प र जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमध्ये एकमाथि छलफल चलाउने उल्लेख छ ।

फागुन ६ गते शून्य र विशेष समय चलाउने, शून्य र विशेष समयमा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित मन्त्रीहरूका लागि दिन लगाउने, मन्त्रालयगत प्रश्नोत्तर चलाउने र भन्सारसम्बन्धी विधेयकलाई दफावार छलफलका लागि विषयगत समितिमा पठाउने कार्यतालिकामा छ । फागुन ९ गते शून्य समय चलाउने, मन्त्रालयसँग प्रश्नोत्तर कार्यक्रम राख्ने, निर्माणमुखी सामग्रीसम्बन्धी विधेयकमाथि सामान्य छलफल चलाउने उल्लेख छ ।

#### प्राथमिकतामा परेन टिआरसी

शान्ति प्रक्रिया टुंगो पुर्‍याउन तातेको दाहाल नेतृत्वको सरकारले टिआरसीलाई अगाडि बढाउने तयारी यसअघि गरेको थियो । कानुन, न्याय तथा मानवअधिकार समितिबाट तीन शीर्ष नेतालाई सहमतिका लागि जिम्मा लगाएको यो विषय सम्भावित संसदीय क्यालेन्डरमा परेको छैन ।

यही विषय टुंगोमा पुर्‍याउन प्रधानमन्त्री दाहाल, नेपाली कांग्रेसका नेता शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका नेता केपी शर्मा ओलीको बालुवाटारमा पटक-पटक भेट हुन्छ । यही विषयमा छलफल गर्न राष्ट्रपति पौडेलले तीनै दलका नेतालाई पुस २७ गते शितल निवासमा बोलाएका थिए । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस काठमाडौं आइपुग्दासमेत यो विषयलाई प्रधानमन्त्री दाहालले प्राथमिकतामा राखेका थिए ।

प्रधानमन्त्री दाहालले आइतबारमात्र टिआरसी विधेयक आगामी संसद्बाट टुंगोमा पुग्ने बताएका थिए । युगान्डामा भएको असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूको १९औं सम्मेलनमा सहभागी भएर फर्किंदा त्रिभुवन विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै दाहालले सदन खुल्नसाथ टुंगोमा पुग्ने दाबी गरेका थिए । 'टिआरसीबारे सबै छलफल र तयारी गरेका छौं । संसद्को उपसमितिबाट टुंगो लागेर समितिमा गएको छ । सदन खुल्नेबित्तिकै हाउसमा लगेर प्राथमिकताका साथ टुंगो लगाइन्छ । सहमतिबाट नै यसलाई टुंगो लगाउन म प्रयासरत छु । विश्वास छ सबै दलको सहमतिबाट यो टुंगोमा पुग्छ । शान्ति प्रक्रियाका बाँकी काम टुंग्याइन्छ,' दाहालको भनाइ थियो ।रोजगारीका लागि...

यसैगरी श्रम स्वीकृति लिएर विदेशमा पठाउने आश्वासनसहित कसैले रकम माग गरेमा उक्त व्यक्ति वा संस्थाको आधिकारिकताको कागजात माग गर्न पनि आग्रह गरिएको छ । साथै, वैदेशिक रोजगारीमा पठाउने इजाजतपत्र प्राप्त संस्था (म्यानपावर कम्पनी)सँग पनि नेपाल सरकारले तोकेको रकममात्र बुझाएर रसिद लिन नभुल्न ट्राभल एड्भाइसमा उल्लेख गरिएको छ । म्यानपावर कम्पनीले भिजिट तथा पर्यटकीय भिसामा पठाउन खोजे गृह मन्त्रालय, श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग वा अध्यागमन विभागमा यथाशीघ्र गोप्य सूचना दिनसमेत सकिने बताइएको छ । प्रचलित कानुनमा वैदेशिक रोजगारसम्बन्धी कार्य गर्ने एजेन्टको व्यवस्था नभएकोले कसैले 'म एजेन्ट हुँ' भनी झूठा आश्वासन दिएमा विश्वास नगर्न र रकम नबुझाउन पनि विभागले सचेत गराएको छ ।

यस्तै एजुकेसन कन्सल्टेन्सी, ट्राभल्स एजेन्सी वा कुनै व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी आश्वासन दिई रकम मागेमा त्यस्तो रकम नबुझाउन सचेत गराइएको छ । वैदेशिक रोजगारीको सिलसिलामा भिजिट तथा पर्यटकीय भिसामा ठगी भएमा वा पर्न लागेको शंका लागेमा नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयहरू वा वैदेशिक रोजगार विभागमा तुरुन्त उजुरी गर्न र विदेशमा रहेको अवस्थामा नेपाली दूतावास वा नियोगमा सम्पर्क गर्न सकिने बताइएको छ ।

यसैगरी भारत तथा बेलायती सेनामा नेपाल सरकारको स्वीकृतिमा भर्ना हुनेबाहेक अन्य देशका सेना वा सशस्त्र समूहमा भर्ना हुने कार्य पूर्णरूपमा गैरकानुनी भएकाले कुनै पनि अवस्थामा यस्तो कार्य नगर्न नगराउन भनिएको छ । वैदेशिक रोजगारसँग सम्बन्धित विषयमा सबै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रबाट जानकारी लिन सकिने ट्राभल एड्भाइसमा उल्लेख छ । भिजिट वा पर्यटकीय भिसामा विदेश गएका नेपालीलाई तोकिएको मितिभित्र स्वदेश फर्कन आग्रह गर्दै अन्यथा असामान्य अवस्था सिर्जना भए व्यक्ति स्वयं जिम्मेवार हुने हुनाले समयमै स्वदेश फर्कने छु भनी स्वःघोषणा गरेर मात्र विदेश प्रस्थान गर्न पनि विभागले आग्रह गरेको छ । विदेश यात्रा गर्ने क्रममा नेपालको विमानस्थलमात्रै प्रयोग गर्न र भारत वा अन्य तेस्रो मुलुकको विमानस्थल भएर अन्य मुलुकमा यात्रा गर्ने हो भने नेपाली राजदूतावासबाट जारी हुने 'नो अब्जेक्सन सर्टिफिकेट (एनओसी)' लिएर जान पनि सुझाव दिइएको छ ।

विभागले भिजिट तथा पर्यटकीय भिसामा विदेश यात्रामा जाने यात्रुहरूका लागि बुधबार (आज) देखि लागू हुनेगरी नयाँ व्यवस्थासमेत गरेको छ । त्यसरी जाने यात्रुको कम्तीमा छ महिनाको वैध अवधिको पासपोर्ट हुनुपर्ने, दुईतर्फी हवाई टिकट, भ्रमण अवधिभर होटल बुकिङ गरेको प्रमाण वा आफन्तसँग रहने भएमा एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने नागरिकता प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्र, भ्रमणको सम्पूर्ण खर्च व्यहोर्ने सरकारी तथा गैरसकारी संस्थाको निमन्त्रणापत्र वा ५०० अमेरिकी डलर बराबरको नगद सटही भएको प्रमाण, र श्रम गन्तव्य मुलुकमा जानेले स्वःघोषणा फाराम भर्नुपर्ने व्यवस्था गरिएको छ ।

### कृषिमन्त्री भुसालको...

सो मुद्दामाथि सुनुवाइ गर्दै उच्च अदालतका न्यायाधीश हरिप्रसाद पौडेलको माघ ८ गतेको एकल इजलासले कामु कार्यकारी निर्देशक भट्टराईलाई काम नगर्न र नगराउन कृषि तथा पशुपन्छी विकासमन्त्री डा. भुसाल, नेपाल कृषि अनुसन्धान परिषद्, कामु जिम्मेवारी सम्हालेका डा. भट्टराई समेतका नाममा अन्तरिम आदेश दिएको हो ।

नार्कमा कार्यरत वैज्ञानिकहरूमध्ये सबैभन्दा वरिष्ठ डा. सुरेन्द्रलाल श्रेष्ठ छन् । डा. दोजराज खनाल वरीयतामा दोस्रो छन् । तर केन्द्रीय कार्यालयको वरीयतामा डा. खनाल एस-६ पहिलो, लुमानीधि पाण्डे दोस्रो एस-५ र टीका कार्की एस-४ तेस्रोमा परेका छन् ।

# राष्ट्रिय सभा सदस्य निर्वाचनको तयारी पूरा

**काठमाडौं (प्रस)**– बिहीबार (माघ ११ गते) हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आवश्यक सुरक्षा व्यवस्थासहितको सम्पूर्ण तयारी पूरा भएको छ । प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्ने यस निर्वाचनमा माघ ११ गते बिहान ९ देखि अपराह्न ३ बजेसम्म सम्बन्धित प्रदेशको तोकिएका मतदानस्थल तथा मतदान केन्द्रमा मतदान हुने निर्वाचन आयोगले जनाएको छ ।

आयोगले कानुनी व्यवस्थाबमोजिम निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न मतदान कार्य समाप्त नहुञ्जेलसम्म गएराति १२ बजेपछि प्रचारप्रसार निषेधको अवधि कायम गरेको छ । यस अवधिमा राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलका भ्रातृसंगठन तथा आचारसंहिता पालना गर्नुपर्ने अन्य व्यक्ति, संस्था वा निकायले निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नमिल्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

यस निर्वाचनमा प्रदेशसभाका सदस्यका लागि सेतो रङको कागजमा हरियो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि सेतो रङको कागजमा रातो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्रको व्यवस्था गरिएको छ । निर्वाचनमा प्रदेशसभाका सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डल रहने छ ।

# एसिया-प्रशान्त क्षेत्रका राष्ट्रले अवैध साना हतियारको खतरालाई सम्बोधन गर्ने

**काठमाडौं–** अवैध साना हतियारको खतरालाई सम्बोधन गर्न एसिया-प्रशान्त क्षेत्रका राष्ट्रको तीनदिने सम्मेलन काठमाडौंमा मंगलबारदेखि सुरु भएको छ । साना तथा हलुका हतियारको अवैध व्यापार रोक्न र उन्मूलन गर्न संयुक्त राष्ट्रसंघीय कार्यक्रमको चौथो समीक्षा सम्मेलनका लागि आयोजित क्षेत्रीय तयारी बैठकमा 'युनाइटेड नेशन प्रोग्राम अफ एक्सन' (युएन पिओए)का सबै पक्ष र यसको 'इन्टर नेसनल ट्रेसिङ इन्स्ट्रुमेन्ट'का बारेमा तीनदिनसम्म छलफल हुने छ ।

सम्मेलनमा भाग लिन चौथो समीक्षा सम्मेलनका मनोनीत अध्यक्ष कोस्टारिकाका मारिट्जा चान भाल्भेर्डे र निशस्त्रीकरण मामिलाका लागि संयुक्त राष्ट्रसंघका उपसचिव एवं उच्च प्रतिनिधि इजुमी नाकामित्सु र एसिया क्षेत्रका २५ भन्दा बढी राष्ट्रका प्रतिनिधि उपस्थित छन् ।

संयुक्त राष्ट्रसंघको महासभामा सन् २००१ मा स्थापित 'युएन पिओए' एक महत्त्वपूर्ण र राजनीतिक रूपले बाध्यकारी संयन्त्र हो । यसमा साना हतियारमाथि परिष्कृत राष्ट्रिय नियमावली, भण्डार व्यवस्थापन, आयात तथा निर्यात नियन्त्रण र अन्तर्राष्ट्रिय सहयोगलगायतका उपायलाई अभिवृद्धि गर्न सदस्य राष्ट्रका प्रतिबद्धता सामेल छन् ।

सन् २००५ मा भएको इन्टरनेसनल ट्रेसिङ इन्स्ट्रुमेन्टको सुरुआतले हतियारको प्रभावकारी अंकन गर्ने र अभिलेख राख्ने आवश्यकतामा जोड दिँदै यस संयन्त्रलाई थप सुदृढ गर्नुका साथै र ट्रेसिङ कार्यलाई सहज बनाएको थियो । यी कदम अवैध हतियारको व्यापारबाट उत्पन्न हुने चुनौतीलाई सम्बोधन गर्ने वैश्विक प्रयासका अभिन्न अंश हुन् र दिगो विकासका लक्ष्यका उद्देश्यअनुरूप छन् ।

संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रले आवधिक रूपमा न्युयोर्कमा २०८१ असार ३ देखि १४ गतेसम्म हुने चौथो समीक्षा सम्मेलनमा प्रतिबद्धताको प्रगतिसम्बन्धी समीक्षा गरिने छ । सो बैठकका लागि आधार तयार गर्न तयारी समितिको बैठक यही माघ २ ९ देखि फागुन ४ गतेसम्म बस्ने छ । नेपाल सरकारसँगको सहकार्यमा एसिया तथा प्रशान्त क्षेत्रमा शान्ति र निःशस्त्रीकरणका लागि संयुक्त राष्ट्रसंघ क्षेत्रीय केन्द्रले काठमाडौंमा यस तयारी क्षेत्रीय बैठकको आयोजना गरेको हो । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED HAMAD BIN MARZOUQ AL KULAIB CAFÉ FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति २०८०/१०/०८ LT. No. 298608 चलानी नं.६०२१३५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1200 | ४२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.५३५/०६१/०६२

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1-4975566, 4975567, 4975568
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np



## कमलामाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सिन्धुली
वाग्मती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८०/१०/१०)

यस कार्यालयबाट मिति 18th December, 2023 (मिति ०२ पौष, २०८०) र मिति 21st December, 2023 (मिति ०५ पौष, २०८०) मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमको कार्यको लागी देहाय बमोजिमको बोलपत्रदाताको उल्लेखित कबोल अंक सबैभन्दा कम रहेको र निजको बोलपत्र सारभुत रुपमा सफल देखिन आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | बोलपत्र नं. | योजनाको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मु.अ. कर बाहेक) रु. |
|---|---|---|---|---|
| १ | KMU/SIN/Work/NCB/13/080/081 | Children Park Construction & Infrastructure Development Work, Kamalamai Municipality-3, Sindhuli | Nyasur Construction and Suppliers Pvt. Ltd., Kamalamai Municipality-5, Sindhuli | 2,983,481.10 |
| २ | KMU/SIN/Work/NCB/14/080/081 | Dharabhanjyang-Satpatre Water Supply Scheme, Kamalamai Municipality-4, Sindhuli | Pachani Construction Pvt. Ltd., Kamalamai Mun.-7, Sindhuli | 2,043,147.50 |
| ३ | KMU/SIN/Goods (Livestock)/NCB/15/080/081 | बोयर जातका पाठी/बाख्रा खरिद तथा आपूर्ति कार्य । | Simalthali Agro Pvt. Ltd., Hetauda-3, Makwanpur | 5,407,792.00 |

प्रमुख प्रशासकिय अधिकृत



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUWAIT PUBLIC TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ LT No. 297570 चलानी नं.६०२१२५४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 100 | 0 | 160 | ६९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KS SECONDARY FIBRE SUPPLIER SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०६/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ LT. No.273071 चलानी नं. ६०१९८७५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**
Gaushala-9, Battisputali, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com

# ‘सशस्त्र प्रहरीको सीमा विकास कार्यक्रम सरकारको प्राथमिकतामा’



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले सशस्त्र प्रहरी बलको सीमा विकास कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउने बताएका छन् । सशस्त्र प्रहरी दिवसको २३औं वार्षिकोत्सव समारोहलाई मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले देशको सुरक्षा र स्वाभिमानका निम्ति सशस्त्रले पुऱ्याएको योगदानबारे आफू जानकार रहेको उल्लेख गर्दै संगठनका कार्यक्रमलाई सरकारले प्राथमिकता दिने बताए ।

‘सीमा सुरक्षा र व्यवस्थापनका क्षेत्रमा सशस्त्र प्रहरी बलले अगाडि बढाएका कार्यक्रमले विद्यमान समस्या तथा चुनौती सम्बोधन गर्दै देशको स्वाभिमान र सीमा सुरक्षामा गुणात्मक योगदान पुऱ्याउने विश्वास लिएको छु,’ प्रधानमन्त्री दाहालले भने, ‘संगठनले प्रस्ताव गरेका सीमा विकास कार्यक्रमलाई प्रथमिकतामा राखी अगाडि बढाउन सरकार प्रतिबद्ध छ ।’

हिमालदेखि तराईसम्मका कठिन भौगोलिक तथा वातावरणीय प्रतिकूलता तथा सीमित पूर्वाधारका बाबजुत राष्ट्रसेवाको भावनासहित कार्यक्षेत्रमा परिचालित भएर सशस्त्र प्रहरीका जवान तथा अधिकृतको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सीमा सुरक्षार्थ तैनाथ सशस्त्र प्रहरी बललाई स्रोतसाधनको व्यवस्थासहित थप प्रभावकारी रूपमा परिचालन गर्न सरकार प्रतिबद्ध रहेको बताए । प्रधानमन्त्रीले भने, ‘सीमा सुरक्षाका साथै तपाईंहरूले राजस्व संकलनमा पुऱ्याउनुभएको योगदान, महत्त्वपूर्ण व्यक्ति तथा संरचनाको सुरक्षा, आन्तरिक सुरक्षा, कानुन कार्यान्वयन, देशमा शान्ति, सुरक्षा, अमनचयन, कायम गर्ने तथा जनताको जीउधनको सुरक्षा गर्ने कार्यमा पुऱ्याउनुभएको योगदानप्रति सम्मान व्यक्त गर्दछु ।’

देशको सुरक्षा र स्वाभिमानका निम्ति दिलोज्यानले क्रियाशील सशस्त्र प्रहरी बलका अधिकृतको वृत्तिविकास एवं प्रोत्साहनमा देखिएका समस्याप्रति आफू जानकार रहेको उनले बताए । ‘मैले सरकारको नेतृत्व गरेपश्चात् सकल दर्जाका करिब छ हजार अधिकृत र जवानको पदोन्नतिको प्रक्रिया सम्पन्न भएको छ । साथै बललाई विगतमा प्राप्त गरेको जिम्मेवारीका अतिरिक्त केही नयाँ जिम्मेवारीसमेत प्रदान गरिएको छ,’ प्रधानमन्त्री दाहालले भने । उनले आगामी दिनमा बाँकी समस्याका विषयमा छलफल गरी आवश्यक सहजीकरण गर्ने विश्वास दिलाए । प्रधानमन्त्री दाहालले संगठनमा आबद्ध अधिकृत र जवानको वृत्तिविकास, सेवा सुविधा, सुरक्षा, हातहतियारलगायत अन्य सामग्रीको उपलब्धतालाई सरकारले उच्च प्राथमिकता दिने बताए ।

## न्यौपाने ‘वर्ष जवान–२०८०’ घोषित

सशस्त्र प्रहरी बल नेपाल नम्बर २४ कालिका गण कास्कीका सशस्त्र प्रहरी सहायक हवल्दार विष्णुप्रसाद न्यौपाने ‘वर्ष जवान–२०८०’ घोषित भएका छन् । हलचोकस्थित सशस्त्र प्रहरीको प्रधान कार्यालयमा मंगलबार आयोजित ‘२३औं सशस्त्र प्रहरी दिवस–२०८० ’ का अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उनलाई ‘वर्ष जवान’को टचाग प्रदान गरे ।

कार्यक्रममा सशस्त्र प्रहरीको प्रधान कार्यालयबाट भएको केन्द्रीय निरीक्षणका क्रममा देशभरका एकाइबाट यस वर्ष सर्वोत्कृष्ट एकाइ हुन सफल सशस्त्र प्रहरी बलअन्तर्गत विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, नम्बर १९ बंगलामुखी (विशेष कार्यदल) गण काठमाडौं र नम्बर ३ म्याग्लुङ गुल्म तेह्रथुमलाई ‘रनिङ अवार्ड’ प्रदान गरिएको छ ।

महानिरीक्षक अर्यालले संगठनको नाम उच्च राख्न विशिष्ट एवं उल्लेखनीय कार्य गर्ने सशस्त्र प्रहरी बल, नम्बर १ बराह बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेललाई ‘एपिएफ सम्मान’ प्रदान गरे । उनले संगठनलाई अनुकरणीय योगदान पुऱ्याउने नेपाली सेना, नेपाल प्रहरी, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी, राष्ट्रिय अनुसन्धान विभागका साथै देशभरका सशस्त्र प्रहरी एकाइमा कार्यरत रही विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई कदरपत्रसहित ‘आइजी एपिएफ निशान’ प्रदान गरे ।

सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले व्यावसायिकता, इमान्दारिता र बफादारितालाई मूलमन्त्र बनाउँदै संगठनमा रहेको प्रणाली र पद्धतिलाई आत्मसात् गर्दै ‘चेन अफ कमाण्ड’मा रही संगठनलाई स्थापित गर्ने कार्यमा लाग्न सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीलाई निर्देशन दिए । ‘राष्ट्रले जिते हामी सबैले जित्छौं भन्ने मर्मलाई ध्यानमा राखी सबैले कर्तव्य निर्वाह गर्नुपर्छ । गर्न नसकिने भन्ने केही छैन, हामी गर्छौं, म गर्छु भन्ने प्रतिबद्धता हामी सबैमा आउनु आवश्यक छ,’ उनले भने ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८०/१०/०१ गते का.म.न.पा. वडा नं. २७ वीर अस्पताल अगाडि खुल्ला मञ्चमा पार्किङ गरिराखेको अवस्थामा बेलुकी ७:०० बजे Bajaj Pulsar 220cc रातो रङ्गको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नम्बरमा सम्पर्क गरिदिनुहोला ।

कम्पनीको नाम : हुलास फिन सर्भ लि
ऋणीको नाम : कमल श्रेष्ठ
बाइक नं.: बा.प्र.०२-०३८ प ०४१६
च्यासिस नं.: MD2A13 EX8MCH 96510
इन्जिन नं. : DKXCMH 30728
ठेगाना: काठमाडौं
सम्पर्क: ९८१०२४०२७४



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DANCHEM SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०१/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ | LT. No. 285834 | चलानी नं. ६०२०५४२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 7 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic.No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FERUNI CERAMICHE SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/११/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ | LT. No. 281912 | चलानी नं. ६०१९७३९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मुसिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

मितिः २०८०/१०/१०

उपरोक्त सम्बन्धमा यस कार्यालयवाट जनविकास पुस्तकालय भवन निर्माण (तला थप) तथा मर्मत सम्बन्धी मिति २०८०/०९/०५ गते प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन हुंदा तपशिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम न्युन मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई मिति २०८०/१०/०९ गतेको बोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार स्विकृतिका लागि छनौट भई सिफारिश भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | बोलपत्र संख्या | बोलपत्रदाता | वोल कबोल रकम (मू.अ. कर बाहेक) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1 | Janabikash Library Building Construction (Top Floor with Roof) and Maintanance | NCB/MM/Ruk.W/W.1 S1E_080/081/02 | M/S Shashi Nirman Sewa, Jhula 04, Rukum | 22,27,258.50 | 23.01 % Less |

प्रमुख प्रशासकिय अधिकृत
मुसिकोट नगरपालिका



## गौरीगङ्गा साझेदारी वन उपभोक्ता समूह

गौरीगङ्गा न.पा.-८, कैलाली

## काठ/दाउरा संकलन सम्बन्धी सूचना

प्रभाव दैनिकमा प्रथम पटक प्रकाशित मितिः २०८०/१०/१०

डिभिजन वन कार्यालय कैलाली धनगढी, सब डिभिजन वन कार्यालय मसुरियाको कार्यक्षेत्रमा पर्ने गौरीगंगा साझेदारी वन उपभोक्ता समूहको साझेदारी वन क्षेत्रभित्रका ढलापडा रुखहरु संकलन (कटान, मुछान, ढुवानी) तथा घाटगद्दी समेत गराउनको लागि स्वीकृत जिल्ला दररेट (कैलाली) अनुसारको काठ/दाउरा संकलन तथा घाटगद्दी कार्यको लागत ईष्टिमेट बमोजिम गोलिया काठ संकलन प्रति क्यू. फी रु. १४९।६१ र दाउरा संकलन प्रति चट्टा रु.१६६६३ मा घटाघट प्रकृयाबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले आन्तरिक राजस्व कार्यालयमा दर्ता भई स्थायी लेखा नम्बर (PAN) वा मू.अ.कर दर्ता नम्बर, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र, डि.व.का. कैलाली, कार्यान्वयन क्षेत्रमा पर्ने स्थानिय तह र यस समूहमा सूचीकृत भएका काठ सम्बन्धी व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनी वा व्यक्तिले सूचना प्रकाशन भएको मितिले २९ औं दिन मितिः २०५०/११/०९ गते दिनको १२:०० बजे भित्र डिभिजन वन कार्यालय कैलाली धनगढी र यस समूहको कार्यालयबाट बोलपत्र खरिद गरि शिलबन्दी बोलपत्र ३० औं दिन मितिः २०८०/११/१० गते दिनको १:०० बजे भित्र यस समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा संकलन तथा घाटगद्दी सम्बन्धी विस्तृत सूचना समूहको कार्यालयले प्रकाशन गरि उपभोक्ता समूहको कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा सुचित गरिन्छ ।



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE SUNSHINE PROJECT

पूर्व स्वीकृति मिति : २०८०/०५/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ | LT. No. 291966 | चलानी नं : ६०२०७२२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Supervisor | 1 | 0 | 4000 | १४६१०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Worker | 9 | 0 | 1100 | ४०१७८ | | | | | | | |
| 3 | Business Executive | 5 | 0 | 4000 | १४६१०३ | | | | | | | |
| 4 | Foreman | 35 | 1 | 2500 | ९१३१४ | | | | | | | |
| 5 | General Clean Worker | 16 | 11 | 1100 | ४०१७८ | | | | | | | |
| 6 | General Electronic Technician | 6 | 0 | 3500 | १२७८४० | | | | | | | |
| 7 | Labour | 9 | 0 | 1100 | ४०१७८ | | | | | | | |
| 8 | Mason | 2 | 0 | 1200 | ४३८३० | | | | | | | |
| 9 | Painter | 5 | 0 | 1200 | ४३८३० | | | | | | | |
| 10 | Representative | 2 | 0 | 2500 | ९१३१४ | | | | | | | |
| 11 | Sales Supervisior | 24 | 3 | 2500 | ९१३१४ | | | | | | | |
| 12 | Supervisior | 10 | 2 | 2500 | ९१३१४ | | | | | | | |
| 13 | Tile Maker | 1 | 0 | 1200 | ४३८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५
Lucky Human Resource Pvt.Ltd.
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHED ARIF BIN ZAID AL MUTAIRI GENERAL CONTRACTING ESTABLISHMENT

पुर्व स्वीकृति मिति २०८०/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ | LT. No. 297171 | चलानी नं. ६०२१२१७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 4 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AREES NAJD FOUNDATION FOR PROVIDING MEALS

पुर्व स्वीकृति मिति २०८०/०९/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ | LT. No. 297635 | चलानी नं. ६०२१२६१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SAJ CAFÉ SERVING DRINKS

पुर्व स्वीकृति मिति २०८०/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ | LT. No. 297170 | चलानी नं. ६०२१२१६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Provider | 2 | 0 | 1200 | ४२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ETHMAR AGRICULTURAL COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ | LT. No. 297540 | चलानी नं. ६०२१२५३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1500 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver Heavy Equipment | 2 | 0 | 1800 | ६४,१९० | | | | | | | |
| 3 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,३६० | | | | | | | |
| 4 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,३६० | | | | | | | |
| 5 | Smith | 2 | 0 | 1200 | ४२,७९५ | | | | | | | |

कम्पनी : MAS FACTORY FORPLASTIC INDUSTRIES

पुर्व स्वीकृति मिति २०८०/०९/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ | LT. No. 297774 | चलानी नं. ६०२१२७८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanical Maintenance Technician | 4 | 0 | 1500 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MOBILE SUPPORT CONTRACTING COMPANY LTD.

पुर्व स्वीकृति मिति २०८०/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ | LT. No. 297775 | चलानी नं. ६०२१२७६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WAHAT AL-RAMAL EST. FOR SCRAP AND SCRAP

पुर्व स्वीकृति मिति २०८०/१०/०८ | LT. No. 298618 | चलानी नं. ६०२१३६२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६४,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# टिआरसी टुंग्याउन आनाकानी कहिलेसम्म ?

**पुस यता शीर्ष नेताहरू संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) विधेयक टुंग्याउने विषयमा लगातार छलफल बसे । प्रधानमन्त्री पुष्पकमल दाहालको सरकारीनिवास बालुवाटारमा सत्तापक्षका नेता कांग्रेस सभापति शेरबहादुर देउवा र विपक्षी दलका शीर्ष नेता केपी ओलीले निकै गम्भीर भएझैं छलफल गरे । तर अझै पनि टिआरसी कहिले टुंगोमा पुग्छ पत्तो लागेको छैन ।**

**प्रधानमन्त्री दाहालले युगान्डाबाट फर्कनबित्तिकै यो अबको सदनबाट पास हुने बताएका थिए । तर दाहालले दाबी गरेअनुसार संसद्को सम्भावित महिना दिनको कार्यसूचीमा टिआरसी परेको छैन । गत जेठमा संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिले उपसमिति बनाएर यसमा बृहत् छलफल चलाएको थियो । उपसमितिले चारवटा विषय थाती राखेर प्रतिवेदन समितिलाई बुझायो ।**

**सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने, मानवअधिकारको उल्लंघनका घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने र घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत तोकेर जाने भन्ने पनि थप छलफल गरेर टुंग्याउनुपर्ने उपसमितिले सुझाएको थियो । यो विषय शीर्ष नेताले टुंग्याउनुपर्ने समितिको ठहर छ ।**

**कसको नेतृत्वमा यो पार लगाउने भन्ने होडबाजीकै कारण यो विधेयक अड्किएको हो । शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउने जस दाहालमात्र हैन, ओली र देउवा पनि लिन चाहन्छन् । त्यसैले एकले अर्कोलाई छिर्के हान्ने दाउ तीनै जना नेताको देखिन्छ । यही विषयमा असन्तुष्टि जनाउँदै संक्रमणकालीन न्यायसम्बन्धी विवाद निरूपणमा दलीय तर्क र अडान यथावत् राखेका छन् । त्यसैकारण यो विवादको निरूपण कसरी हुन्छ भन्ने अन्योलता कायमै छ । सत्तापक्ष समितिमा सहमति नभए प्रक्रिया (मतदान) बाट विवाद निरूपण गर्नुपर्ने तर्क गर्न थालेको छ । तर, विपक्षी एमाले भने बहुमत/अल्पमतको प्रक्रियाबाट पीडितले थप पीडित हुन नहुने अडान छ ।**

**दलीय अडानकै कारण १७ वर्षदेखि संक्रमणकालीन न्यायसम्बन्धी कानुन प्रक्रिया अल्झिएको अल्झियै छ । यसले गर्दा यो विषय झनझन् जटिल बन्दै गएको छ । सरकारले २०७९ फागुन २५ गते मात्रै संसद्मा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक दर्ता गरेको थियो । सांसदहरूलाई फागुन २६ गते नै यो विधेयक वितरण गरिएको थियो । यसरी अन्तिम अवस्थामा पुगेको विधेयकमा हलो अड्काउने काम कुनै दलले गर्न हुन्न । जस लिने होडबाजी नै हो भने तीनै दलका शीर्ष नेताकै नाम लेखेर सर्वसम्मत विधेयक पारित गरी शान्ति प्रक्रियालाई टुंगोमा लानुको विकल्प छैन ।**

## मननयोग्य

### विदुर नीति

हस्तिनापुरलाई राज्य उत्तराधिकारीको अभाव हुन गयो । भीष्म, कुलगुरु आचार्य विभूति र उनका पिता आचार्य ब्राह्मिष्ठ, आचार्य देवपाल, भीष्मका काका सुकेतु कूटनीतिज्ञ कणिक, वेदव्यास र राजमाता सत्यवतीसमेत भई सल्लाह गरे । राजमाता सत्यवतीबाट नै जन्मिएका वेदव्यासलाई विधवा बुहारी अम्बिकालाई गर्भाधान गराउने र उनबाट पैदा भएको पुत्र हस्तिनापुरको राजगद्दीमा बसाउने निधो भएबमोजिम सत्यवतीले वेदव्यासलाई आग्रह गर्दै भनिन्छ–हेर छोरा ! तिमीजस्तो तपस्वी माहात्मा हुँदा हुदै हाम्रो कुरुवंश डुब्न लागेको छ, भीष्म आजीवन ब्रह्मचारी छन् विचित्रवीर्य मरिसक्यो अब हाम्रो वंश कसले चलाउने ? तिमीले नै आफ्नो तपस्याको प्रभावले हाम्रो वंशको सञ्चालन गरिदेऊ ।' व्यासजीले आफ्नो आमाको आग्रहलाई लत्याउन सकेनन् उनले आमालाई भने "अम्बिका वा आम्बालिका यदि मेरो अगाडि निर्वस्व आए भने दृष्टि शक्ति पाएर उनीहरूले सन्तान जन्माउन सक्नेछन् ।"


सत्यवतीले दुवै बुहारीलाई पालैपालो गरेर व्यासको अगाडि पठाइदिइन् ।

दुवै युवती ज्यादै लाज मानेर व्यासको सामुन्नेमा पुगे जेठी अम्बिकाले जेठाजु व्यासको सामना गर्न नसकेर लाजले आँखा चिम्लिइन् । कान्छी आम्बालिका भने डराएर पहेंली भइन् । व्यासजीले दुवैलाई गर्भवती बनाएपछि

विदुरको जीवन चरित्र

पहिलो छोरा अन्धो र दोस्रो छोरा पाण्डु वर्णको पैदा हुनेछ भनी आमालाई बताइदिए । यसरी पैदा भएका दुई पुत्र नै धृतराष्ट र पाण्डु थिए अन्धो र पाण्डु वर्ण भएका छोरा हुने हुँदा सत्य उनले अम्बिकालाई सर्वगुण सम्पन्न भएको अर्को छोरा जन्माइदिन आग्रह गरिन् र व्यासलाई पनि पुनः राजी गराइन् । अम्बिकाले सासूलाई सामुन्नेमा हुन्छ त भनिन् तर पुनः निर्वस्त्र भई व्यासको अगाडि जाने साहस गरिनन् । उनले आफ्नी परम सुन्दरी वनिता भन्ने दासीलाई पनि व्यासजीको सामुन्ने पठाइदिइन् । वतीलाई सन्तोष भएन । वेदव्यास जस्ता ऋषिबाट सन्तान जन्माउन दासी वनिता पनि सहर्ष खुसी भइन् । वनिता पनि संकोच त्यागेर निर्वस्त्र व्यासजीका सामुन्नेमा पुगिन् उनलाई गर्भ रह्यो । व्यासजीले पनि त्यसै दिनदेखि वनिताको दासीभाव छुटाइदिदै भने "तिम्रो गर्भ (कोख) बाट एउटा अत्यन्तै धार्मिक पुत्र पैदा हुनेछ ।" क्रमशः

# मधेस आन्दोलन र संघीयता



डा. विजयप्रसाद मिश्र

> मधेस आन्दोलन निरन्तर चलिरहन्छ । यसका स्वरूपहरु मात्र परिवर्तन भइरहन्छन् । मधेसमा पार्टी खुल्ने, टुट्ने र जुट्ने क्रम पनि द्रुत गतिमै चलिरहन्छ । मधेस नेपालका लागि एउटा समस्याको रूपमा रही रहन्छ । जबसम्म नेताहरूले मानवीय भावना, आत्मसम्मान, समावेशी, समानुपातिक, सहभागितामूलक सिद्धान्तलाई आत्मसात् गर्दैनन् तबसम्म मधेस आन्दोलन चलिरहन्छ । मधेस आन्दोलनमात्र होइन, जातीय आन्दोलनहरु चलिरहन्छ ।

एक समयको कुरा हो, काठमाडौं पचलीस्थित भैरवका पुजारीको मृत्यु भएको ठानी जब घाटमा जलाउन लागेका थिए, तत्काल ठूलो बाढी आई सबै बगाएर खोकना नदीको बगरमा उतारिदिएछ । चिसोका कारण अचेत ती पुजारीलाई चित्ताको आगोको तापले बौराइदिएछ । ब्युँझ्दा आफूलाई नदीको किनारमा पाएपछि रोइरोइ आफ्नो व्यथा बुङमतीबासीलाई सुनाएछन् ।

घाट पुऱ्याएकालाई घर जान बर्जित गर्ने हुँदा सोही ठाउँकी एक महिलासँग घरजम गरी बसाएको बस्ती भएको कारण बुङमतीबासीसँगैको बस्तीलाई रोइरोइ बसाएको बस्ती 'ख्वकना' भनिएको आख्यान प्रख्यात छ । देवमाला वंशावलीअनुसार ने.सं. ६३३ मा राजा अमर मल्लले रुद्रायणी पीठ स्थापना गरी खोकनामा गणनृत्य जात्रा चलाएका हुन्, भनिन्छ । त्यो घटना दसैंताका भएकाले यहाँ दसैं मनाइँदैन ।

तर दसैंताका आश्विन तृतीयादेखि षष्ठीसम्म सिकाली गणनृत्य भने हुन्छ यहाँ । प्रत्येक वर्ष तःगुथि,मधेसमा मधेसीहरूका लागि मधेसी मूलका मानिसहरूले गरेको आन्दोलन मधेस आन्दोलन हो । अपवादका रूपमा केही पहाडी मूलका मानिसहरू पनि विभिन्न कारणले मधेस आन्दोलनको पक्षमा देखिएका थिए र छन् । तत्कालीन मधेसी जनअधिकार फोरम नेपालको आह्वानमा आम मधेसीहरूले २०६३ माघमा गरेको आन्दोलनलाई पहिलो मधेस आन्दोलन भनेर चिनिन्छ । २०६३ माघ २ गतेबाट औपचारिक रूपमा सुरू भएको मधेस आन्दोलनमा माघ ५ गते लहानमा चलेको गोली लागि स्कूले विद्यार्थी रमेश महतोको मृत्यु भएपछि आन्दोलन चर्किएको थियो ।

रमेश महतोको हत्या हुँदा उनी वा उनको परिवार मधेस केन्द्रित दलमा आबद्ध थिएनन् । तर मधेसको हकहितका लागि भएको आन्दोलनमा विद्यालय नजिकै भएको वादविवाद हेर्न गएका महतोको गोली लागी घटनास्थलमै मृत्यु भएको थियो । महतोको मृत्युपछि आक्रोशित स्थानीयवासीले यातायातका साधनहरू, सरकारी कार्यालयहरू जलाउने काम गरेका थिए । तत्काल सुरक्षा निकायले आन्दोलनमा हस्तक्षेप नगरेको कारण अराजक स्थिति सिर्जना भएको थियो । उक्त आन्दोलनमा केही स्वार्थी तत्त्वहरू वा भारतबाट नेपाल आई बसेका नवनागरिकहरूले पहाडी मधेसीको नारा लगाएर सर्वसाधारण पहाडी समुदायप्रति लक्षित गरी हत्या, हिंसा, अपहरण, चन्दा असुलीजस्ता क्रियाकलापहरू समेत गरेका थिए ।

मधेस आन्दोलनको सकारात्मक र नकारात्मक दुवै पाटो थियो । आन्दोलन नेताको हातमा थिएन । नेतृत्वविहीन आन्दोलन थियो । बरु आन्दोलनले नयाँ नयाँ नेताहरू बनाउने काम गरेको थियो । माघ ५ गतेदेखि साँच्चिकै मधेस आन्दोलनले एउटा रूप लिए पनि लामो समयसम्म आन्दोलन चल्यो । पहिलो मधेस आन्दोलन मधेसी जनअधिकार फोरम नेपालको नाममा सञ्चालित थियो तर यसमा मधेसका राप्रपा, सद्भावना पार्टी र अन्य राजनीतिक पार्टीका मधेसीमूलका नेताहरू पनि सहभागी भएका थिए । बौद्धिक समाज, नागरिक समाज, संघसंस्था, कर्मचारी, शिक्षक प्राध्यापक, किसान, मजदुर, विद्यार्थी, महिला, बालबालिका, मधेसी दलित, जनजाति सबैको सहभागिता रहेको थियो ।

मधेस आन्दोलनमा केही जिल्लाहरूमा पहाडी समुदायले पनि समर्थनमा जुलुस निकालेका थिए भने केही जिल्लामा पहाडी समुदायले मधेस आन्दोलनको प्रतिकार गरेका थिए । प्रतिकार भएका स्थानहरूमा दुवै पक्षमा झडप भई केही मानिसको मृत्यु भएको थियो । मधेस आन्दोलनले जातीय हिंसाको रूप पनि कुनैकुनै क्षेत्रमा लिएको थियो ।

### मधेस आन्दोलनको ऐतिहासिक पक्ष

यसअघि पनि मधेसमा मधेसीहरूको नाममा धेरैले आन्दोलन नगरेका होइनन् । संस्थागत रूपमा तराई कांग्रेसले २०१० सालबाट नै मधेसीको हक अधिकारका लागि आन्दोलनहरू गरेको थियो । तर तराईका नागरिकहरूले २०१५ सालको संसदीय निर्वाचनमा नराम्ररी हार्न बाध्य बनायो । तराई कांग्रेसको मियो नै पञ्चायतमा प्रवेश गरी मन्त्री भएपछि यसको संगठन इतिहासमा मात्र कायम भयो । पछि परतन्त्र मधेसका लेखक रघुनाथ ठाकुरले प्राज्ञिक अनुसन्धान गरी मधेसीहरूमाथि हुने विभेदको प्रचारप्रसार गरे । संगठन निर्माण गर्ने कोसिसहरू पनि गरेका थिए तर उनको संगठन प्रभावकारी हुन सकेन ।

पञ्चायतकालमा मधेसीहरूले पञ्चायतविरुद्धका आन्दोलनमा एतिहासिक भूमिका निर्वाह गरेका थिए । जनकपुरमा राजामाथि बम हान्ने प्रयास गर्नेदेखि धनुषाको जदुकाहामा २०४६ सालको आन्दोलनमा सहिद हुने मधेसी परिवार हुन् या सप्तरीका गजेन्द्रनारायण सिंहको नेतृत्वको मधेसीको हक हितका लागि खोलिएको तराई परिषद् नै किन नहोस्, सबैले मधेसीको हक आवाजका लागि संस्थागत प्रयासहरू गरेका थिए । पञ्चायत अवधिभर सरकार मधेसीप्रति अनुदार रहेको थियो ।

वि.सं. २०४७ मा प्रजातन्त्र आएपछि नेपाल सद्भावना पार्टीको गठन संघीयता र मधेस हकहितका कुराहरूलाई लिएर भएको थियो । यो पार्टीले आन्दोलन गरिरहेको थियो । पार्टीमा नेतृत्वको टकरावले गर्दा फुट्ने र जुट्नेक्रम अहिले पनि जारी छ । यही सद्भावना पार्टी फुटेर राजेन्द्र महतो, सरिता गिरी, बद्रिनारायण मण्डल, विकास तिवारी, अनिल झालगायत धेरैले विभिन्न पार्टीको नाममा नेतृत्व गर्ने र अर्को पार्टीमा विलय हुने खेल खेल्न थाले कोही मन्त्री बन्नका लागि पार्टी फुटाउँथे भने कोही व्यक्तित्वको टकरावको कारणले । कसैले पनि जनहितका लागि पार्टी फुटाएको बलियो आधार दिन सकेका छैनन् । मधेस आन्दोलनले नेपालमा संघीयता ल्याउन खेलेको भूमिका महत्त्वपूर्ण छ । तर समयमै कानुनहरू नबन्दा संघीयताको पूर्ण स्वाद चाख्ने अवसर मधेसले अझै पाएको छैन ।

### मधेस आन्दोलनपछि पार्टी खुल्ने फुट्ने खेल

माघ ५ गतेको आन्दोलनपछि चर्चामा आउनुभएका उपेन्द्र यादव वा उहाँले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम पछि पार्टीको रूपमा परिणत भयो । मधेस आन्दोलन भएको १७ वर्ष पूरा भएको छ । यसबीच मधेसी जनअधिकार फोरम पटक-पटक फुटेर अहिले जनता समाजवादी पार्टीको रूपमा स्थापित छ । यस पार्टीमा पहिलेको जस्तो पहाडी विरोधी सोच छैन । पहिचानवादी, खस ब्राह्मणहरूसमेत यस पार्टीमा समावेश भएका छन् ।

यसबीचमा मधेस केन्द्रित पार्टीहरू यति धेरै खुले कि उनीहरूको सैद्धान्तिक अडानमा खासै फरक नभए पनि आफ्नो पकडका लागि पार्टी खोलेको देखिन्छ । तर छुट्टै स्वाद लिएर डा. सिके राउतले खोलेको जनमत पार्टीको आधार मधेसलाई नै बनाइएको छ । रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीले तराईको थारु समुदायलाई केन्द्रबिन्दुमा राखेर अन्य समुदायका मानिसहरूलाई पार्टीभित्र अवसर दिएको छ भने माओवादी हुँदै अहिले मधेसमा नयाँ पार्टी खोल्ने प्रभु साहले मधेसको नयाँ वर्गलाई आकर्षित गर्न खोजेको देखिन्छ ।

पहिलो संविधानसभाअघि मधेसमा पहिलो र दोस्रो आन्दोलन भए । त्यसपछि धेरै पटक संविधानमा आफ्नो माग सम्बोधन गराउन आन्दोलनहरू गरे । दोस्रो संविधानसभाले संविधान बनाउने बेलामा झन् ठूलो आन्दोलन भयो । सीमाक्षेत्रमा बसेर नाकाबन्दी गर्ने, राजमार्गमा बन्द आह्वान गर्ने काम भयो । लगातार छ महिनाको आन्दोलनले पनि कुनै उपलब्धि भएन । प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी मिलेर संविधान पारित गराउँदा मधेस केन्द्रित दलहरू संविधान निर्माण प्रक्रियाबाट बाहिरिएका थिए । मधेस केन्द्रित दलहरूले पटक-पटक संविधानमा संशोधन गर्नुपर्ने भन्दै विभिन्न मोर्चा बनाएर वा एक्लाएक्लै आन्दोलन गरेका थिए ।

नेपाल जुन परिस्थितिबाट गुज्रिरहेको छ त्यसलाई विश्लेषण गर्ने हो भने समग्र नेपाललाई मधेस नभई हुँदैन । मधेसमा छिमेकी मुलुकका धेरै नागरिकको घुसपैठ भएर नागरिकता लिएर बसोबास गरिरहेका छन् । नागरिकता वितरण गर्दा गैरनागरिकलाई पनि नागरिकता दिने क्रमले गर्दा जो वास्तविक मधेसी मूलका नेपालीहरू हुन् उनीहरूमाथि अन्याय भएको छ । ती नयाँ नागरिकता लिने अनागरिकहरूलाई पनि एउटै तराजुमा तौलिएर हेर्ने परम्परागत सोचका कारण वास्तविक मधेसीहरूमाथि विभेद् भएको छ । यसले उनीहरूमा असन्तुष्टि बढ्नु स्वाभाविक हो ।

### निष्कर्ष

त्यसैले मधेस आन्दोलन निरन्तर चलिरहन्छ । यसका स्वरूपहरू मात्र परिवर्तन भइरहन्छन् । मधेसमा पार्टी खुल्ने, टुट्ने र जुट्ने क्रम पनि द्रुत गतिमै चलिरहन्छ । मधेस नेपालका लागि एउटा समस्याको रूपमा रही रहन्छ । जबसम्म नेताहरूले मानवीय भावना, आत्मसम्मान, समावेशी, समानुपातिक, सहभागितामूलक सिद्धान्तलाई आत्मसात् गर्दैनन् तबसम्म मधेस आन्दोलन चलिरहन्छ । मधेस आन्दोलनमात्र होइन, जातीय आन्दोलनहरू चलिरहन्छ । ती जातीय आन्दोलनहरूमा मधेस आन्दोलनको खेती अरुभन्दा बढी चर्चा परिचर्चामा रहने मात्र हो ।

अझ जातीय आन्दोलनका साथसाथै नेपालमा धार्मिक आन्दोलनले पनि खतरा बढ्दै छ । धर्मका नाममा हुने आन्दोलनको उर्वरभूमि पनि मधेस नै हुन सक्दछ । मधेसको सिको गरेर पहिचानवादीहरू जुर्मुराइरहेका छन् । यसले नेपालमा २०७२ को संविधानले दिएको अधिकारको विकेन्द्रीकरण गर्न नचाहने शक्तिको विरुद्धमा एकपटक फेरि जातीय संगठनहरू तातिन सक्छन् । धमिलो पानीमा माछा मार्न पल्किएका विदेशी शक्तिले बीचमा अर्को खेल खेलिदियो भने ब्याजको लोभ गर्दागर्दै साउँसमेत उम्किन सक्ने देखिएको छ । त्यसैले मधेसले आन्दोलन गरेर ल्याएको संघीयतालाई बचाउने कि आठ वर्षकै उमेरमा घाँटी निमोठेर मार्ने हो, त्यो अब संघीय संसद् र संघीय सरकारको हातमा रहेको छ । यसतर्फ राजनेताहरूले समयमै ध्यान दिएर मधेसका जनताले भविष्यमा कुनै पनि आन्दोलन गर्नुपर्ने परिस्थिति आउन दिनु हुँदैन । *रासस*

*(लेखक त्रिवि इतिहास केन्द्रीय विभागका सहप्राध्यापक हुन्)*

## पत्र-मञ्जुषा

# आर्थिक मन्दीको मारमा जनता

आफू दुःख गरेर भए पनि छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिलाउँछौं भनेर विभिन्न जिल्लामा आमसर्वसाधारण उपत्यका छिरेका छन् । गाउँमा आम्दानीको स्रोत पनि नहुने र छोराछोरी पढाउन राम्रो शैक्षिक संस्था पनि नहुने भएकाले अभिभावक आफ्नो जन्मथलो छोडेरै यहाँ आउँछन् ।

कोहीकोहीचाहिँ रोजगारीकै लागि काठमाडौं आएका हुन्छन् । काठमाडौंमा बाहिरी जिल्लाका सर्वसाधारण धेरै छन् । भारी बोकेर भए पनि खान्छौं भनेर आएकाहरू यतिबेला मर्कामा परेका छन् । किनकि काठमाडौंमा काम पाउनै छोडेको छ । नाम्लो बोकेर सडकमा भारी कुरिरहेकाहरू निराश भएर उभिरहेका भेटिन्छन् ।

पुतलीसडक चोकमा नाम्लोसहित उभिएका एक जना व्यक्तिले दिँउसो १ बजेसम्म एउटा पनि काम नपाएको बताए । पहिलेपहिले भारी ओसारेरै भ्याइनभ्याई हुने उनी काममा खोजीमा भौतारिरहेका थिए । हिजोआज काम पाउनै छोडेको र गुजारा चलाउन गाह्रो भएको भन्दै उनले आफ्नो गुनासो पोखे । राजधानीको अस्तव्यस्त ठाउँमा पनि भारी बोक्नेहरू बेरोजगार भएका छन् ।

सोफा, कार्पेट, फर्निचर पसलेहरू पनि व्यापार सुस्ताएको बताउँछन् । पसल खोल्नु र बन्द गर्नुमात्रै भएको तिनको भनाइ छ । यस्ता सामानको व्यापार हुन छोडेसँगै भारी बोक्नेहरू पनि बेरोजगार भएका हुन् । तीन वर्षअघि दिनको १५ सयदेखि ३५ कमाउनेहरू अहिले बोनी नै नहुने गुनासो गर्छन् । भारी बोकेरै उनीहरूले आफ्नो गर्जो टारेका थिए, छोराछोरी पढाएका थिए । इन्द्रचोक, महाबौद्ध, भेडासिंह, न्युरोड, चाबहिल, ठमेल, भोटाहिटी, बानेश्वरलगायतका क्षेत्रमा अहिले पनि भीड छ । तर, व्यापारीहरू व्यापार नै नभएको बताउँछन् । यी स्थल व्यापारिक क्षेत्र हुन् । त्यसैले पनि यहाँ सधैं भीड नै हुन्छ ।

चहलपहल भए पनि पसलभित्र छिरेर सामान किन्ने भने छैनन् । पसलेहरू सटरमा उभिएर ग्राहक बोलाइरहेका हुन्छन् । उनीहरूले जसरी ग्राहक बोलाउँछन्, त्यसले नै व्यापार छैन् भन्ने देखाउँछ । व्यापारीहरू खुलेरै व्यापार नभएको र घरभाडा तिर्न समस्या परेको बताउँछन् ।

भीमसेनगोला चोकदेखि बागबजारसम्म ४५ वटा सटर खाली छ, दायाँबायाँ गरेर । कतै सटर खाली, कतै बिक्रीमा भनेर पोस्टर टाँसिएको छ । अन्य क्षेत्रमा पनि सटर खाली देखिन्छ । मुख्य सडकमा त यत्रा सटर खाली छन् भने भित्रभित्र कति होलान् ? अधिकांश पसलेहरू व्यापार नभएकाले भाडा तिर्न नसकेको दुःखेसो पोख्छन् ।

उनीहरू सटर छोड्ने अवस्थामा पुगेको बताउँछन् । अहिले अधिकांश बेरोजगार छन्, त्यसैले व्यापार सुस्ताउनु स्वाभाविकै हो । कोही निजी संघसंस्थामा काम गर्थे, कोही सहकारीमा । कोही पसलमा काम गरिरहेका थिए । घरायसी काम गरेर जीविकोपार्जन गर्नेको संख्या पनि उच्च थियो ।

तर, पछिल्लो समय काम नै छैन । काम भएकाहरूले पनि तलब पाएका छैनन् । लामो समयसम्म तलब नपाएपछि उनीहरू आफ्नो गाउँठाउँ फर्किएका छन् । अधिकांश विदेश पलायन भएका छन् । नेपालमै बसेर सानो व्यवसाय गरेर खान्छु भन्नेहरू व्यवसाय छोडेर विदेश छिरेका छन् ।

सरकारले १७ हजार ३०० रूपैयाँ अनिवार्य तलब दिनुपर्ने नियम बनाएको छ । यो नियम घरायसी काम गर्ने होस् या पसलमा सबैमा लागू हुन्छ । कामदारलाई सार्वजनिक बिदाको दिन छुट्टी दिनुपर्ने, चाडपर्व पेश्की दिनुपर्ने, उपचार खर्च दिनुपर्ने सरकारको नियम छ । तर, कसैले पनि सरकारले तोकेजति तलब पाएका छैनन् ।

मासिक तीन हजारदेखि १५ हजार रूपैयाँमा काम लगाइन्छ । तर, त्यही पैसा पनि दिइँदैन । धेरैले काम गरेको ठाउँमा तलब पाएका छन् । उनीहरूले कोठाभाडा तिर्न सकेका छैनन् । न बालबच्चाको स्कुलको शुल्क तिर्न सकेका छन् । कतिपयले कोठाको सामान घरधनीलाई जिम्मा लगाएर हिँडेका छन् ।

यहाँका मान्छेहरू अरुलाई ठगेर सुकिलामुकिला भएका छन् । बाहिरका मान्छेहरू काम पाइन्छ कि भनेर भोकभोकै हिँडिरहेका छन् तर यहाँकालाई कुनै फरक परेको छैन । आर्थिक मन्दीले आम सर्वसाधारणलाई बाँच्न गाह्रो पारिदिएको छ । मुलुक बनाउँछु भन्ने नेताहरूलाई यसको वास्ता छैन । न सरकारले देशको अर्थतन्त्र सुधारमा प्रभावकारी काम गरेको छ ।

**–रमेश खड्का**
**नयाँबजार, काठमाडौं**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# धार्चेका अव्यवस्थित बसोबासीले पाए निस्सा



**गोरखा (प्रस)–** उत्तरी गोरखाको धार्चे गाउँपालिकामा निस्सा वितरण गर्न सुरुआत गरिएको छ। पालिकाभित्र रहेका अव्यवस्थित बसोबासीलाई शुक्रबारदेखि निस्सा वितरण गर्न सुरु गरिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले जानकारी दिए ।

लामो समयदेखि अव्यवस्थित रहेका बसोबासीलाई राष्ट्रिय भूमि आयोगले गाउँपालिकामार्फत निस्सा वितरण गरेको उनले बताए । 'गाउँपालिकामा वडा नम्बर ७ लापुबाट व्यवस्थित बसोबासीलाई निस्सा वितरण गर्न थालिएको छ,' उनले भने, 'पालिकाभित्रका सबै भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई क्रमशः निस्सा वितरण गर्दै जानेछौं ।'

अध्यक्ष गुरुङले प्रारम्भिक चरणमा लापुमा रहेका १२ घरधुरी अव्यवस्थित परिवारलाई निस्सा वितरण गरिएको उनले बताए। 'प्रक्रिया पुगेकालाई निस्सा वितरण गरिएको छ,' उनले भने, 'अब जग्गा नापजाँच लगाएका काम सकिएपछि लालपुर्जा वितरणको काम सुरु हुन्छ ।' निवेदन परेकामध्येबाट वास्तविक अव्यवस्थित बसोबासीको पहिचान गरी निस्सा वितरण गरिएको उनको भनाइ छ । लालपुर्जा पाउने आशामा बसेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, र अव्यवस्थित बसोबासीलाई निस्सा पाएसँगै अब छिट्टै थप प्रक्रिया पूरा गरेर लालपुर्जा प्राप्त गर्ने जनाउँदै खुसी भएका छन् ।

आयोगले अव्यवस्थित बसोबासीलाई आयआर्जन, सम्पत्ति, जग्गाको प्रकृति, जग्गाको क्षेत्रफल बसोबासको मूल्यांकनलगायतका विभिन्न आधारमा राजस्व लिएर जग्गा उपलब्ध गराउने व्यवस्था छ । त्यस्तै भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले भने जग्गा प्राप्त गर्दा राजस्व तिर्नु नपर्ने व्यवस्था रहेको छ ।

# नेपालगञ्जमा सुर्तीजन्य पदार्थको नियमन गरिँदै

**राँझा (बाँके)–** नेपालगञ्ज उपमहानगरपालिकाले सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थको प्रयोगलाई नियन्त्रण तथा नियमन गर्ने भएको छ। आगामी २०८१ वैशाख १ गतेदेखि उपमहानगरपालिकाको सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ पूर्णरूपमा निषेध गर्नेगरी तयारी सुरु गरिएको नगरप्रमुख प्रशान्त विष्टले जानकारी दिए । 'उपमहानगरपालिकाको कार्यपालिका बैठकबाटै १ वैशाख २०८१ देखि नगर क्षेत्रभित्र सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थको उपभोग तथा बिक्री-वितरण पूर्णरूपमा निषेध गर्नेगरी तयारी गर्ने निर्णय भइसकेको छ,' नगरप्रमुख विष्टले भने, 'त्यसलाई कार्यान्वयनका लागि सरोकारवाला निकायसँग छलफलका साथै आवश्यक तयारी सुरु गरिएको छ ।'

सरोकारवाला निकायसँगको बैठकले सुर्तीजन्य पदार्थबाट हुने हानि-नोक्सानीबारे विभिन्न माध्यमबाट पालिकाभर व्यापक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, उपमहानगरपालिका कार्यालयसँगै वडा कार्यालय र नगरभित्रका सम्पूर्ण कार्यालयमा सुर्तीजन्य पदार्थको उपभोग तथा वितरणमा निषेध गर्ने गरी सचेतनामूलक सूचनापाटी टाँस गर्ने एवं सुर्तीजन्य पदार्थको उत्पादन र बिक्री-वितरण गर्ने निकाय एवं व्यवसायीको तथ्यांक संकलन गर्ने निर्णय गरेको उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्काले बताए । 'वैशाख १ देखि नगरको सार्वजनिकस्थल सुर्तीजन्य पदार्थ निषेधित क्षेत्र घोषणा गर्ने निर्णय भएको छ, त्यसको सुरुआत उपमहानगरपालिका कार्यालयबाटै गर्छौं,' प्रमुख प्रशासकीय अधिकृत खड्काले भने, 'प्रभावकारी कार्यान्वयनका लागि सचेतना प्रवर्द्धनसँगै तयारी अभियान सुरु गर्दै छौं ।'

सरोकारवाला निकायसँगको छलफलमा नेपाल सरकारका उपसचिव पुष्कर नेपालले संघीय ऐनमा सुर्तीजन्य पदार्थ नियमन र नियन्त्रणका विषयमा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकारले तदारुकता देखाउन आवश्यक रहेको बताए । *रासस*

# भरतपुर भ्रमण वर्ष उद्घाटनसँगै बाघ देख्न पाइने

**चितवन–** भरतपुर महानगरपालिकाले सन् २०२४ लाई भ्रमण वर्षका रूपमा मनाउँदै छ । भ्रमण वर्षको औपचारिक उद्घाटन आगामी फागुन १८ गते (मार्च १ तारिख) मा हुँदै छ ।

भ्रमण वर्षमा यहाँ आउने पर्यटकका लागि विभिन्न प्याकेजसँगै दुर्लभ पाटेबाघ सहजै देख्न पाइने भएको छ । चितवन राष्ट्रिय निकुञ्ज घुम्न आउने पर्यटकले एकाधले मात्रै बाघ देख्ने अवसर पाउँछन् । निकुञ्जले भ्रमण वर्षसँगै यहाँ आउने पर्यटकका लागि खोरमा बाघ देखाउने व्यवस्था गर्दै छ ।

निकुञ्जका सूचना अधिकारी गणेश तिवारीका अनुसार भरतपुर महानगरपालिकाको देवनगर रेञ्जपोस्ट नजिक दक्षिणकाली मध्यवर्ती सामुदायिक वन क्षेत्रमा खोर निर्माण सम्पन्न गरिएको छ। बाघ हेर्नका लागि मचान निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । तिवारीका अनुसार अब केही दिनमा मचानको काम सम्पन्न हुन्छ ।

निकुञ्जले ५० लाख रूपैयाँ खर्च गरेर त्यहाँको वन्यजन्तु उद्धार केन्द्रमा बाघका लागि खोर निर्माण सम्पन्न गरेको छ । सँगै महानगरपालिकाको सहयोगमा मचान र पहुँच सडक निर्माण हुँदै छन् । उनको भनाइमा भ्रमण वर्ष उद्घाटन अघि नै त्यहाँ बाघ लगिने छ । त्यसका लागि आवश्यक गृहकार्य भइरहेको तिवारीले जानकारी दिए ।

निकुञ्जको मुख्य कार्यालय कसरामा एउटा पोथी र तीन भाले बाघ खोरमा छन् । यसैगरी, सौराहामा दुई भाले छन् । ती बाघ हिंस्रक बनेपछि नियन्त्रणमा लिएर खोरमा राखिएको छ । तीमध्येबाट वा थप हिंस्रक बाघ नियन्त्रण गर्नु परेमा त्यसलाई खोरमा ल्याइँदै छ । पर्यटकलाई मचानबाट बाघ हेर्ने व्यवस्था मिलाउन लागिएको हो ।

भ्रमण वर्षलाई लक्षित गरी मध्यवर्ती क्षेत्रमा रहेका सामुदायिक वन, बाटुली पोखरी, किङ फिसर ताल र बीस हजारी तालमा सरसफाइको काम भइसकेको छ । भरतपुर भ्रमण वर्षको मुख्य पर्यटकीय गन्तव्य निकुञ्ज हो । निकुञ्जले यहाँ रहेका जिप सफारीको पुराना रुटमा पनि सरसफाइ गरिसकेको छ ।

पर्यटकीयस्थलमा नक्सा (म्याप) राख्ने काम गरिएको उनले जानकारी दिए । निकुञ्जभित्र रहेका ताल, पोखरी र घाँसेमैदानलाई पनि व्यवस्थित बनाउने काम भइरहेको छ । मेघौली क्षेत्रका सामुदायिक वनका प्रवेशद्वारलाई शृंगार गर्ने काम गरिएको छ भने निकुञ्जको मुख्यालय कसरामा सरसफाइ र रङ रोगनको कार्य भएको छ ।

भरतपुर महानगर प्रमुख रेनु दाहालले निकुञ्ज घुम्न आउने पर्यटकले सहजै बाघ देख्न पाऊन् भन्ने उद्देश्यले देवनगरको वन्यजन्तु उद्धार केन्द्रमा महानगरले समेत लगानी गरेर बाघ हेर्ने व्यवस्था मिलाउन लागिएको बताइन् । त्यहाँ मचान निर्माण र पहुँचमार्गका लागि महानगरपालिकाका तर्फबाट काम धमाधम भइरहेको उनको भनाइ छ। उनले भनिन्, 'अब निकुञ्ज घुम्न आउनेले बाघ देखिन भन्न पर्दैन ।' भ्रमण वर्षमा आउने स्वदेशी र विदेशी पर्यटकको प्रमुख गन्तव्य निकुञ्ज भएको जनाउँदै उनले निकुञ्ज प्रवेश गर्ने नाका र भ्रमणका गन्तव्यमा पर्यटकका लागि सहजीकरणको काम भइरहेको जानकारी दिइन् । *रासस*

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/१० गते)

टिक नारायण सुनुवारको नातिनी, जय बहादुर सुनुवारको छोरी, रामेछाप जिल्ला, उमाकुण्ड गाउँपालिका वडा नं ०६ बस्ने बाल माया सुनुवारको मिति २०८०/०६/१० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पुतलीसडक शाखामा रहेको बचत खाता नं.००१०००१४६९६००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमानले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय पुतलीसडक शाखा वा प्रधान कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय पुतलीसडक, काठमाण्डौं फोन नं: ०१-५३३२११२/१३

नेपाल सरकार
दावी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभागको
## सूचना

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री के.डी. इम्प्लोइमेन्ट सर्भिस** (ई.प.नं.११०३/०७३/०७४) ले यस विभाग समक्ष ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०८०/१०/०५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति २०८०/१०/१०

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको साल ७२ थानको ९५५.१४ घनफिट, अस्ना ४ थानको ५८.०१ घनफिट र साल वल्लावल्ली ७ थानको ३१.९४ घनफिट जातको जम्मा गोलिया ८३ थानको कुल जम्मा १०४५.०९ घनफिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना तेस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्हाेराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री सिद्धबाबा सामुदायिक वन उपभोक्ता समूह
गौरीगंगा न.पा.४, कैलाली


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES
पूर्व स्वीकृति मिति २०८०/१०/०८ LT. No. 298630 चलानी नं. ६०२१३६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 21 | 1000 | ३६,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL
पूर्व स्वीकृति मिति २०८०/०३/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ LT. No. 288633 चलानी नं. ६०२०३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 6 | 0 | 4000 | १२३२०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९६६६२ | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ८९५०२ | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 17 | 10 | 1000 | ३५८०० | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३५८०० | | | | | | | |
| 6 | MANAGER VARIETY | 1 | 0 | 6000 | २१४८०४ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | १०७४०२ | | | | | | | |
| 8 | SUPERVISIOR | 8 | 2 | 2500 | ८९५०२ | | | | | | | |

कम्पनी : BHANU CLEANING AND CONTRACTING
पुर्व स्वीकृति मिति २०८०/०९/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ LT. No. 297414 चलानी नं. ६०२१२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,९८५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६६० | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | १०९,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAMILY BRAND FOR WHOLESALE PHARMACIES COMPANY
पूर्व स्वीकृति मिति २०८०/१०/०८ LT. No. 298606 चलानी नं. ६०२१३६०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sorting Products Labor | 1 | 0 | 1000 | ३५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

IMPERIAL OVERSEAS PVT. LTD.
Govt. Lic. No. 816/066/067
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4585530, 9840098991
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAMSA FLOWERS EST
पूर्व स्वीकृति मिति २०८०/०९/२० LT. No. 297671 चलानी नं. ६०२१२६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | flower and plant seller | 2 | 0 | 1200 | ४२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gandaki Gurkhas Pvt. Ltd.
श्रम ईजाजत नं. ६३०/०६३/०६४
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL WORK FINDER
पुर्व स्वीकृति मिति २०७९/०९/०१ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ LT. No. 277864 चलानी नं. ६०१९७९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 9 | 0 | 550 | ७२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 4 | 0 | 650 | ८६,१७० | | | | | | | |
| 3 | Cook Helper | 9 | 6 | 550 | ७२,९१५ | | | | | | | |
| 4 | Factory Worker | 19 | 0 | 550 | ७२,९१५ | | | | | | | |
| 5 | General Worker | 25 | 0 | 550 | ७२,९१५ | | | | | | | |
| 6 | Mason | 9 | 0 | 600 | ७९,५४० | | | | | | | |
| 7 | Shuttering Carpenters | 8 | 0 | 600 | ७९,५४० | | | | | | | |
| 8 | Still Fixer | 5 | 0 | 600 | ७९,५४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: ललितपुर, महालक्ष्मी, पीस टेक्निकल ट्रेनिङ सेन्टरमा मिति: २०८० माघ २२/२३/२४ गते (5/6/7th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ५०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHALMANI OVERSEAS PVT. LTD.
Govt. License 828/066/67
Koteshwar-32, Kathmandu, Nepal
(Tel) Head Office: 01-5147227/5147228
Mail: info@shalmanioverseas.com, Web: www.shalmanioverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEPALI KITCHEN WLL
पूर्व स्वीकृति मिति: २०८०/१०/०८ LT. No.298100 चलानी नं. ६०२१३६१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 1 | 1500 | ५४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chef Or Cook | 1 | 0 | 1500 | ५४,८१० | | | | | | | |
| 3 | Cooker | 1 | 0 | 1500 | ५४,८१० | | | | | | | |
| 4 | Falafel Maker | 0 | 1 | 1500 | ५४,८१० | | | | | | | |
| 5 | General Clean Worker | 1 | 0 | 1000 | ३६,५४० | | | | | | | |
| 6 | Labor | 0 | 1 | 1000 | ३६,५४० | | | | | | | |
| 7 | Supervisior | 0 | 1 | 2500 | ९१,३५० | | | | | | | |
| 8 | Waiter | 0 | 1 | 1500 | ५४,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUPER QUALITY SERVICES W.L.L
पूर्व स्वीकृति मिति: २०८०/१०/०८ LT. No.298615 चलानी नं. ६०२१३५९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 2 | 1000 | ३६,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sky Blue International Overseas Pvt.ltd.
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914
9801970921/9801970918, skyblueintloverseas@gmail.com, www.skyblue.com.np

प्रभाव दैनिक

रूपशाला

## 'सम्झनाको सन्दुक' सार्वजनिक

गोठालो जेठा मिलनको पहिलो कृति निबन्ध संग्रह 'सम्झनाको सन्दुक' सार्वजनिक भएको छ । लन्डन बस्दै आएका गोठालो जेठा मिलनको निबन्ध संग्रह सोमबार एक समारोहबिच गृह मन्त्रालयमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले विमोचन गरेका हुन् । ताप्लेजुङमा जन्मेर मोरङको पथरीमा हुर्केका गोठालो जेठा मिलन सामाजिक तथा राजनीतिक गतिविधिमा संलग्न व्यक्ति हुन् । यसअघि गीतकारका रुपमा कलम चलाउँदै आएका उनले यसपटक निबन्ध संग्रह प्रकाशित गरेका हुन् ।



बुधबार १०, माघ २०८० (Wednesday, January 24, 2024)

# बक्स अफिस र ग्लोबलको अन्तर्राष्ट्रिय कार्यक्रम सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं–** बक्स अफिस इन्टरनेसनल ग्रुप र ग्लोबल एक्ट्रेस फ्रेडेसन (विश्व कलाकार महासंघ) ले थाइल्यान्ड, सिंगापुर र मलेसियामा आफ्नो २३ औं अन्तर्राष्ट्रिय कार्यक्रम सफलतापुर्वक सम्पन्न गरेको छ । संस्थाले हरेक दुई महिनामा आफ्ना आजिवन सदस्य, सदस्य र शुभ चिन्तकहरूलाई रमाइलो अन्तर्राष्ट्रिय भ्रमण आयोजना कार्यक्रम राख्दै विविध अनुभव प्रदान गर्दै आएको छ ।

संस्थाले पौष १९ गतेदेखि आयोजना गरेको ११ दिनको नंयाँ गन्तव्यमा थाइल्यान्डको पतैया, बैंकक, फुकेट, फिपि आइल्याण्ड, सिंगापुर र मलेसियाको ग्यान्टी हाइल्यान्ड सम्मको रामाइलो यात्रा पूरा गरेको हो । संस्थाले विश्वकै टप आइरल्यान्ड फिपि आइल्यान्डमा पानी जहाजमा एक औपचारिक कार्यक्रम राखी ग्लोबल एक्ट्रेस फ्रेडेसन (विश्व कलाकार महासंघ) को आजिवन सदस्य वितरण समेत गरेको थियो ।

उक्त ऐतिहासिक पर्यटन स्थानमा व्यवसायी प्रभुराम कार्की, राजनीतिकर्मी इन्दिरा थापा, व्यवसायी समाजसेवी जुना कुमारी श्रेष्ठ, आस्मा राउत क्षेत्री, मोहनलाल केसी र दुर्गा केसीलाई छनोट गरि आजिवन सदस्यबाट सम्मान गरेको संस्थाका अध्यक्ष रामबहादुर सुवेदीले बताए ।

'कोही खाली नबस तिमि गर जे भएपनी गर्न चाहिँ गर तर सकारात्मक काम गर' भन्ने संगठनको अभियान अन्तरगत पर्यटन गन्तव्यमा फिपि आइरल्यान्डमा सफलतापूर्वक सम्पन्न भएको यो कार्यक्रम ऐतिहासिक भएको सुवेदीले जनाए ।

संस्थामा हालसम्म कुल १५ सय ९९ जना आजिवन सदस्यहरू जोडिइसकेका छ भने ती मध्ये १३ सय बढीलाई अन्तर्राष्ट्रिय भ्रमण गराइएको पनि जनाइएको छ ।

त्यसैगरी संस्थाले यही माघ २८ देखी युएईमा सप्ताब्यापी कार्यक्रम राखेको छ भने क्रमशः थाइल्यान्ड, सिंगापुर, मलेसिया, ब्रूनाई, इन्डोनेसिया, बर्मा, चीन, हङकङ, जापान, रसिया, बेल्जियम र युकेसम्मको अन्तर्राष्ट्रिय कार्यक्रम तय गरिएको सुवेदीले जनाए ।

# आजदेखि मण्डलामा 'मासिन्या'

■ प्रभाव संवाददाता

**काठमाडौं–** आजदेखि थापागाउँस्थित मण्डला नाटक घरमा 'मासिन्या' मञ्चन हुँदै छ । बुद्धि तामाङ र सोनाम लामाको निर्देशन तथा परिकल्पनामा तयार भएको नाटक तामाङ समुदायमाथि राज्यसत्ताले गरेको विभेदको कथामा आधारित छ । नाटक लक्ष्मी रुम्बा, राजु स्याङ्तान र रावतले लेखेका हुन् ।

आज प्रिमियर शो राखिएको नाटक भोलि माघ ११ देखि २८ गतेसम्म प्रत्येक दिन मञ्चन हुने जानकारी दिइएको छ । 'तामाङ समुदायलाई राज्यसत्ताले गरिरहेको विभेदविरुद्धको सिर्जनात्मक हस्तक्षेप हो, मासिन्या,' मंगलबार मण्डलामा आयोजित पत्रकार भेटघाटका क्रममा नाटकका लेखक स्याङ्तानले भने । लेखक स्याङ्तानका अनुसार झण्डै दुई वर्षअघि नाटक तयार गरिएको हो । तामाङ समुदायमा नाटकको परम्परा र अभ्यास न्यून देखिए पनि मासिन्याले त्यसमा टेवा पुग्ने उनको विश्वास छ ।



'मासिन्याले जंगबहादुरको समयदेखि अहिलेसम्म सुन्दर तामाङ बस्ती कसरी रित्तिदै गएको छ भन्ने कथा भन्छ,' उनले भने, 'हामीले कविता त लेख्यौं, यतिले पुगेन भन्ठानेर नाटक ल्यायौं । हाम्रो मौलिकता बोकेको माटो, हाम्रै पीडाको कथा भन्न हामीले नाटकको माध्यम रोजेका छौं ।'

समुदायभित्र गढेर बसेको पीडालाई नाटकका रूपमा समुहको पहिलो प्रयास भएको बताउँदै अर्का लेखक रुम्बाले तामाङको मात्र नभएर नाटकले समग्र राज्य प्रणालीको विभेदमा पिल्सिएका सीमान्तकृत समुदायको कथा व्यक्त गर्ने सुनाइन् ।

ताम्सालिङ संयुक्त संघर्ष समितिका संयोजक डा. गणेश योञ्जनले मासिन्यामार्फत राज्यबाट दबिएको तामाङ समुदायको पीडा उजागर गर्न खोजिएको बताए । तामाङलगायत राज्यबाट विभेदमा परेका समुदायको मुद्दालाई सामाजिकीकरण गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ ।

नेपाल तामाङ घेदुङका अध्यक्ष मोहन गोलेले साँस्कृतिक एवं राजनीतिक जागरणका लागि मासिन्या प्रभावकारी बन्ने अपेक्षा व्यक्त गरे । अहिलेको खुला र गणतान्त्रिक राज्य प्रणालीको समाजमा सबैले आफ्नो कुरा राख्न सिर्जनात्मक बाटो रोज्नुपर्ने अध्यक्ष गोलेले सुनाए । 'हामीले एकले अर्काको कुरा सुनेर अब एक हुनुपर्छ । राणाकाल, पञ्चायत जस्तो कालमा हामीले आफ्नो कुरा राख्न पाएनौं । अब बन्दुकले होइन सिर्जनामार्फत हस्तक्षेप गर्न'पर्ने हुन्छ,' उनले भने । नाटकमा रमिला मोक्तान, विष्णु मोक्तान, रविन दोङ, सुनिल तामाङ, रोहनी लामा, शीतल थोकर, रूपेश तामाङ, इंगिहोपो कोइँच सुनुवारलगायत कलाकारहरूको अभिनय रहेको छ ।

# बर्लिन महोत्सवमा 'कालोपोथी'

**काठमाडौं (प्रस)–** पहिलो निर्देशकीय चलचित्र 'कालोपोथी' मार्फत अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा बलियो उपस्थिति देखाएका निर्देशक मीनबहादुर भामको निर्देशनमा तयार भएको दोस्रो चलचित्र 'शाम्बाला'ले विश्व प्रतिष्ठित 'बर्लिन अन्तर ाष्ट्रिय चलचित्र महोत्सव २०२४' मा अन्तर्राष्ट्रिय चलचित्रको विधाअन्तर्गत छनोट भएको छ ।

आगामी फागुन ३ देखि १३ गतेसम्म चल्ने महोत्सवको ७४औं संस्करण हुँदै गर्दा पहिलोपटक नेपाली चलचित्रले प्रवेश पाएको हो । यस विधामा कूल २० चलचित्र प्रतिस्पर्धामा रहेका छन् । निर्देशक भामले यो चलचित्र पूरा गर्न आठ वर्ष लागेको बताए । 'हामीले आठ वर्षदेखि यसको निर्माण गरिरहेका छौँ, आजको यो सफलता त्यो यात्रामा गरिएको दुःखको प्रतिफल होजस्तो लाग्छ, सहयात्री सबैलाई धन्यवाद छ, नेपाली चलचित्रलाई प्रतिनिधित्व गराउन पाउँदा हर्षित छौँ', निर्देशक भामले भने । उनले चलचित्रको सुरुआत गर्दा 'चिसो वर्ष' नाम राखेता पनि तयार भएपछि 'शाम्बाला' राखिएको जानकारी दिँदै यसमा मौलिकपना नहराओस् भनेर नेपालीसँगै तिब्बतको भाषा प्रयोग गरिएको बताए ।

उच्च हिमाली गाउँकी एक गर्भवतीलाई श्रीमान्ले छाडेपछि आफ्ना देवरलाई लिएर उनको खोजीमा हिँडेको कथा प्रस्तुत गरिएको चलचित्रलाई निर्देशक भामले अविनाश विक्रम शाहसँग मिलेर लेखेका हुन् । डोल्पाको चार हजार दुई सयदेखि छ हजारको उचाइमा दृश्याङ्कन गरिएको चलचित्रमा थिन्ले ल्हामो, सोनम तोप्द्न, तेन्जिङ डल्हाल, कार्म शाक्यलगायतले अभिनय गरेका छन् ।

निर्देशक भामद्वारा निर्देशित लघु चलचित्र 'बाँसुल्ली'बाट पहिलोपटक नेपालबाट भेनिस अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा प्रवेश भएको थियो भने उनको पहिलो निर्देशकीय चलचित्र 'कालोपोथी'ले थुप्रै अन्तर्राष्ट्रिय पुरस्कार (अवार्ड) जित्न सफल भएको थियो । आठ वर्षमा ४४ मस्यौदा (ड्राफ्ट) लेखेर चलचित्रलाई अन्तिम रूप दिइएको बताउँदै निर्देशक भामले दोस्रो चलचित्रमार्फत इतिहास बनाएका छन् । यसले अन्य अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा समेत प्रतिस्पर्धा गर्ने उनले बताए । यसको नेपाल प्रदर्शन तय गरिएको छैन ।




## रंगशाला

**आहा रारा गोल्डकप**

# उद्घाटनमा आयोजकलाई हराएर थ्रीस्टार क्वाटरफाइनलमा



■ प्रभाव संवाददाता

**पोखरा–** पोखरामा २३ औं संस्करणको आहा रारा पोखरा गोल्डकप सुरु भएको छ । मंगलबार भएको उद्घाटन खेलमा आयोजक सहारा क्लबलाई पराजित गरी थ्रीस्टार क्लबले विजयी सुरुआत गरेको छ ।

थ्रीस्टारले सहारालाई २-१ गोल अन्तरले पराजित गरेको हो । थ्रीस्टारको जीतमा योगेश गुरुङले एक गोल गरे भने अर्को गोल सहाराका अनिष तामाङले आत्मघाती गरेका हुन् ।

सहाराका लागि आशिषले एक गोल गरेका थिए । खेलको छैटौं मिनेटमा योगेशको गोलबाट अग्रता लिएको थ्रीस्टारलाई ५९ औं मिनेटमा सहाराका अनिषले आत्मघाती गोल गरिदिएका थिए । एन्जल महर्जनले ४० यार्ड परबाट प्रहार गरेको फ्रिकिकलाई अनिषले क्लियर गर्न खोज्दा जाली चुमेको थियो ।

सहाराका लागि २३ औं मिनेटमा आशिषले गोल फर्काए । खेललाई बराबरीमा ल्याएसँगै विपक्षी टिमलाई दबाबमा राखेको आयोजक सम्हालिन नसक्दा पराजित भयो । दुवै टिमले राम्रो अवसर पाएपनि गोल हुन सकेन ।

प्रतियोगिता माघ २० गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको विजेताले १२ लाख १ हजार र उपविजेताले ६ लाख १ हजार पुरस्कार पाउनेछन् । प्रि-क्वाटर विजेता र पराजित दुवै टिमलाई जनही २०/२० हजार, क्वाटरफाइनल विजेता र पराजित दुवै टिमलाई ३०/३० हजार र सेमिफाइनल विजेता र पराजित दुवै टिमलाई ५०/५० हजार रूपैयाँ प्रदान गरिनेछ ।

राष्ट्रिय खेलाडी आयुष घलानलाई सहारा क्लब पोखराले 'सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मान २०८०' बाट सम्मान गरेको छ । २३ औं संस्करणको आहा रारा पोखरा गोल्डकपको उद्घाटन अघि घलानलाई सर्वोत्कृष्ट खेलाडीको पुरस्कारबाट सम्मानित गरिएको हो ।

सम्मानसहित घलानले ५० हजार ५ रूपैयाँ प्राप्त गरे । पोखरा उपमहानगरका मेयर धनराज आचार्यले आयुशलाई ताम्रपत्र, अवार्ड सहित सम्मान गरे । राष्ट्रिय फुटबल टिमका प्रभावशाली फुटबलर घलानले यस वर्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फुटबलमा राम्रो प्रभाव छाडेका छन् ।

**प्रधानमन्त्री कप क्रिकेट**

# आर्मी र गण्डकी विजयी

■ प्रभाव संवाददाता

**भैरहवा–** त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री कप एकदिवसीय पुरुष क्रिकेट प्रतियोगितामा नेपाल एपीएफ क्लबमाथि ४ विकेटको जित निकालेको छ । रूपन्देहीको भैरहवास्थित सिद्धार्थनगर क्रिकेट मैदानमा मंगलबार एपीएफलाई हराउँदै आर्मीले प्रतियोगितामा तेस्रो जित निकालेको छ । आर्मीले जितका लागि एपीएफले दिएको १ सय २२ रनको लक्ष्य २४औं ओभरमा ६ विकेटको नोक्सानीका पूरा गर्यो ।

यससँगै आर्मीले ५ खेलमा ३ जित र २ हारका साथ ६ अंक जोडेको छ । एपीएफले भने ५ खेलमा २ जित र ३ हार ब्यहोर्दै सातौं स्थानमा छ । आर्मीका लागि कप्तान विनोद भण्डारीले नटआउट ३४ रन जोड्दै टिमलाई जित दिलाए । उनले ४० बलमा ४ चौका र १ छक्का प्रहार गरे । कुशल मल्लले १९ र बसिर अहमदले १८ रन जोड्ने क्रममा समान २-२ चौका र १-१ छक्का प्रहार गरे । बलिङमा एपीएफका रमेश कुर्मीले २ विकेट लिँदा मौसम ढकाल र कप्तान रोहितकुमार पौडेलले समान १-१ विकेट लिन सफल भए ।



यसअघि कप्तान रोहितकुमार पौडेलले संघर्षपूर्ण अर्धशतकको मद्दतमा नेपाल एपीएफ क्लबले १ सय २१ रनको सामान्य योगफल बनाएको थियो । टस हारेर ब्याटिङको निम्तो पाएको एपीएफ ३२ ओभर ४ बलमा अलआउट भएको थियो । खराब मौसमका कारण ३६ ओभरमा झारिएको खेलमा एपीएफले सुरुवाती दुवै ओभरको पहिलो बलमा क्रमशः ओपनर प्रज्वल शाही र पुरन विक (३) लाई गुमाउँदा टिम संकटमा परेको थियो । दोस्रो ओभरमा ब्याटिङका लागि आएका कप्तान रोहित ३३औं ओभरमा नवौं विकेटको रूपमा पेभेलियन फर्किए । उनले १ सय ३ बलको सामना गर्दै ५९ रन जोडे । स्पिनर बसिर अहमदको बलमा ठूलो सट खेल्ने क्रममा क्याच आउट हुनुअघि उनले २ चौका र २ छक्का प्रहार गरेका थिए । एपीएफका लागि भुवन कार्कीले १६ र सुमित महर्जनले १४ रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् । आर्मीका लागि प्लेयर अफ द म्याच समेत भएका सोमपाल कामीले ३ विकेट लिँदा अभिनाश कर्णले २ तथा विवेक यादव, साहब आलम र बसिर अहमदले समान १-१ विकेटको सफलता प्राप्त गरे ।

### गण्डकी विजयी

त्यस्तै मंगलबार नै सम्पन्न अर्को खेलमा गण्डकी प्रदेशले बागमती प्रदेशमाथि तीन विकेटको रोमाञ्चक जित हासिल गरेको छ । जारी प्रतियोगितामा गण्डकी प्रदेशको यो दोस्रो जित हो । हालसम्म पाँच खेल खेलेको गण्डकी प्रदेश तीन खेलमा पराजित भएको छ । बागमती प्रदेशको भने यो तेस्रो हार हो । हालसम्म सात खेल खेलेको बागमती प्रदेश चार खेलमा भने विजयी भएको छ ।

कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस जिती पहिले ब्याटिङको निर्णय लिएको बागमती प्रदेशले ४९.१ ओभरमा अलआउट हुनुअघि एक सय ९८ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको गण्डकी प्रदेशले ४९.३ ओभरमा सात विकेट गुमाएर दुई सय दुई रन बनाउँदै विजयलक्ष्य पार गर्‍यो ।

गण्डकी प्रदेशको जितमा करण पंगेनीले उत्कृष्ट अर्धशतकीय पाली खेले । उनले टोलीका लागि ७९ रनको योगदान गरे । तेस्रो नम्बरमा क्रिज समाल्न आएका उनले टोली अप्ठ्यारो स्थितिमा रहँदा जिम्मेबारीपूर्वक ब्याटिङ गर्दै ९८ बलमा तीन छक्का र ६ चौका पनि हिर्काएका थिए ।

**कम्पनीको नाम परिवर्तन गारिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०/१०/१०

यस कम्पनीको मिति २०८०/०९/२३ मा सम्पन्न बार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ब्लाक स्ट्रिट बार प्रा.लि. (प्रा.लि. नं. ३१६८७६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/२५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गारी **सेभेन्टी फाइव बार प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गाराईन्छ ।

# दिल्लीमा बाक्लो कुहिरो र चिसोको कारण उडान र रेल सेवा प्रभावित



**नयाँदिल्ली–** बाक्लो कुहिरो तथा प्रतिकूल मौसमका कारण मंगलबार राजधानी दिल्ली आउने-जाने उडान तथा रेलको आवागमन प्रभावित भएको छ ।

दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल हुँदै प्रवाहित हुने सेवा राजधानी दिल्लीलाई कुहिरोले ढाकेका कारण उडानमा ढिलाइ भएको छ । यसैगरी दिल्ली जाने २८ वटा लामो दूरीका रेलहरू पनि निर्धारित समयभन्दा ढिला सुरू गरिएको छ ।

भारतीय मौसम विज्ञान विभागका अनुसार दिल्लीमा न्यूनतम तापक्रम सात डिग्री सेल्सियस र अधिकतम १८ डिग्री सेल्सियस रहने अनुमान गरिएको छ । यद्यपि, मंगलबार बिहान दिल्लीमा रेकर्ड गरिएको न्यूनतम तापक्रम ६.९ डिग्री सेल्सियस थियो ।

उत्तर रेलवेका अनुसार हावडा-नयाँ दिल्ली राजधानी एक्सप्रेस, राजेन्द्रनगर-नयाँदिल्ली राजधानी एक्सप्रेस, डिब्रुगढ-नयाँ दिल्ली राजधानी एक्सप्रेस, बेंगलोर-निजामुद्दीन राजधानी एक्सप्रेस, आजमगढ-दिल्ली जेएन कैफियत एक्सप्रेस, बनारस-नयाँ दिल्ली एक्सप्रेस र कटिहार-अमृतसर आम्रपाली एक्सप्रेससहित २८ वटा रेलहरू दुईदेखि छ घण्टासम्म ढिलो गरी सञ्चालनमा आएका थिए ।

आइएमडीले जनवरी २७ र २८ सम्म मध्यम खालको कुहिरो लाग्ने पूर्वानुमान गरेको छ । दिल्लीमा निरन्तर शीतलहर जारी रहँदा मंगलबार मानिस आगोको वरिपरि बसिरहेका देखिन्थे ।

यसैबीच, आइएमडीका अनुसार जनवरी २६ को बिहानसम्म पञ्जाब, हरियाणा, चण्डीगढ र उत्तर प्रदेशका केही भागहरूमा बिहानदेखि बाक्लो कुहिरो रहने सम्भावना छ । यसअघि सोमबार आइएमडीले जम्मु डिभिजन, दिल्ली, पश्चिम उत्तर प्रदेश र झारखण्डमा कुहिरोले प्रभाव पारेको थियो ।

भारतका विभिन्न स्थानमा बाक्लो कुहिरो र हुस्सुले दृश्यता कम अनुभव भएको छ । जम्मु डिभिजनले ५०० मिटर दृश्यता रहेको उल्लेख गरेको छ भने पटियालाले ५० मिटरमात्र दृश्यता रेकर्ड गरेको छ । यसैगरी उत्तर प्रदेशको वाराणसी र प्रयागराजले क्रमशः २५ र ५० मिटरको दृश्यता रहेको छ । *रासस/एएनआई*

## आगलागीबाट दक्षिण कोरियामा २२७ पसल जले

**सोल–** दक्षिण कोरियाको दक्षिण पश्चिम क्षेत्रस्थित एउटा समुद्री उत्पादन बजारमा भएको आगलागीमा २२७ पसल जलेर नष्ट भएका छन् ।

आगलागीमा कुनै मानवीय क्षति भने नभएको योनहाप समाचार एजेन्सीले अग्नि नियन्त्रक अधिकारीहरूलाई उद्धृत गर्दै मंगलबार जनाएको छ ।

राति करिब ११:०८ बजे आगलागी भएको थियो । राजधानी सियोलबाट लगभग १७० किलोमिटर दक्षिणमा रहेको काउन्टीको परम्परागत समुद्री उत्पादन बजारमा आगलागी भएको हो ।

तीव्र हावा र बजारको खचाखच भरिएको संरचनाका बीच दमकललाई आगो निभाउन करिब नौ घण्टा लागेको थियो । बजारका २९२ पसलमध्ये २२७ पसल जलेर नष्ट भएका छन् । आगलागी हुँदा बजारमा कोही मानिस नभएकाले मानवीय क्षति भने भएको छैन ।

दमकल अधिकारीहरूले आगो निभाउन ३६१ वटा दमकल र ४५ वटा दमकल इन्जिनहरू परिचालन गरेका थिए । घटनाको वास्तविक कारणबारे अनुसन्धान जारी छ । *रासस/सिन्ह्वा*

# द्वन्द्वका कारण गाजामा २५ हजार सर्वसाधारणको मृत्यु

**संयुक्त राष्ट्रसंघ–** गाजामा जारी इजरायली आक्रमण र इजरायलमा प्यालेस्टिनी रकेट आक्रमण जारी छ । संयुक्त राष्ट्रसंघले गत अक्टोबर ७ मा युद्ध सुरू भएदेखि एन्क्लेभमा २५ हजारभन्दा बढीको मृत्यु भएको बताएको छ ।

गाजाको स्वास्थ्य अधिकारीहरूबाट प्राप्त जानकारी र मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघको कार्यालय (ओसिएचए) ले इजरायली आक्रमणका कारण ६२ हजार ६८१ प्यालेस्टिनी घाइते भएको जनाएको छ । यी आक्रमण इजरायलमा हमास नेतृत्वको आक्रमणको प्रतिक्रियामा थिए । जसको परिणामस्वरूप लगभग एक हजार २०० जनाको मृत्यु भएको छ भने करिब २५० जना बन्धक बनाइएका छन् ।

शुक्रबार गाजामा दुई जना इजरायली सैनिक मारिएको ओसिएएचएले जनाएको छ । यहाँ ग्राउन्ड अपरेसन सुरू भएदेखि कूल १९३ ल्यायो र एक हजार २०३ सैनिकहरू घाइते भएको इजरायली सेनाले जनाएको छ । यो अवधिमा ३४३ प्यालेस्टिनीको मृत्यु भएको तथा ५७३ जना घाइते भएको संयुक्त राष्ट्रसंघीय सहायता समन्वय कार्यालयले जनाएको छ ।

आइतबार युगान्डाको राजधानी कम्पालामा ७७ देशको समूह र चीनको शिखर सम्मेलनलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्वलाई एक टिन्डरबक्सका रूपमा वर्णन गरेका छन् । यस क्षेत्रभरि द्वन्द्व रोक्न आवश्यक सबै पहलकदमी लिन अपिल गरेका छन् । इजरायली र प्यालेस्टिनीहरूका लागि दुई-राज्य समाधानका लागि आफ्नो समर्थन दोहोऱ्याउँदै महासचिव गुटेरेसले इजरायलको सैन्य कारबाहीले व्यापक विनास निम्त्याएको बताएका छन् ।

तीन महिनाभन्दा बढी लामो समयदेखि जारी तीव्र बमबारीपछि गाजाका क्षेत्रमा मनावीय आवश्यकता प्रकाश पार्दै ओसिएइचएले गाजामा अहिले १५ वटामात्र बेकरी सञ्चालनमा रहेको बताएको छ । तर राफाहमा छ वटा र देइर अल बालाहमा नौ वटा र वादी गाजाको उत्तरमा कुनै पनि पसल खुला छैन । यी लगभग सबै कार्यरत बेकरीहरूले संयुक्त राष्ट्रसंघ विश्व खाद्य कार्यक्रमबाट सहयोग खोजेका छन् । जहाँ पिठो, नुन, खमीर र चिनी आदि खाद्य पदार्थ उपलब्ध छ ।

यस पहलको माध्यमबाट करिब दुई लाख ५० हजार मानिसहरूले अनुदान मूल्यमा खाने कुरा किन्न पाएका छन । ओसिएइचएले आइतबार आपत्कालीन अवस्थाबारे आफ्नो पछिल्लो अपडेटमा उल्लेख गरेको छ । यसैबीच, प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसंघीय एजेन्सी युएन आरडब्ल्युएले सोमबार दूरसञ्चार सेवा बन्द सातौं दिनमा प्रवेश गरेको जनाएको छ ।

आफ्नो सबैभन्दा पछिल्लो अपडेटमा, युएनआरडब्ल्युएले गाजाभित्र आन्तरिक विस्थापित व्यक्तिको संख्या १७ लाख पुगेको खुलासा गरेको छ । तीमध्ये एजेन्सीका सुविधाहरूमा शरण लिंदा कम्तीमा ३३५ जनाको मृत्यु भएको छ भने एक हजार १६१ जना घाइते भएका छन् । साथै अक्टोबर ७ देखि, युएनआरडब्ल्युएका एक ५१ जना कर्मचारी सदस्य मारिएका छन् भने यसका १४१ वटा प्रतिष्ठान क्षतिग्रस्त भएका छन् । *रासस/सिन्ह्वा*



## गाजा हमलामा २१ इजरायली सैनिकको मृत्यु

जेरुसेलम- इजरायली सेनाले मंगलबार मध्ये गाजामा भएको आक्रमणमा २१ जना सैनिक मारिएको जनाएको छ । उक्त घटना १०९ दिनको युद्धमा सेनाका लागि सबैभन्दा घातक घटना भएको जनाएको छ ।

पत्रकार सम्मेलनमा इजरायली रक्षा बलका प्रवक्ता डेनियल हागारीले सैनिकहरूले दुईवटा भवनहरू ध्वस्त पार्न विष्फोटनको तयारी गरिरहेको बताएका छन् ।

सेनाले विज्ञप्ति जारी गर्दै दुर्घटनामा पर्नेहरू २२ देखि ३७ वर्ष उमेरका सैनिकहरू भएको बताएको छ । यो घटना अक्टोबर ७ मा गाजामा हमासविरुद्धको युद्ध सुरू भएपछिको इजरायली सेनामाथि भएको सबैभन्दा घातक आक्रमण हो । रासस/सिन्ह्वा


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CRYSTAL PROTECTION SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ LT. No. 272486 चलानी नं. ६०१९००३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 32 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LINA ALI YAHYA AL HARBI ARCHITECTURAL CONTRACTING EST

पूर्व स्वीकृति मितिः २०८०/०५/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ LT. 291390 चलानी नं. ६०२०६६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1200 | ४२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NATIONAL CAPABILITIES COMPANY FOR COMMERCIAL SERVICES

पूर्व स्वीकृति मिति २०८०/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ LT. No. 294388 चलानी नं. ६०२०९५९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1500 | ५३,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-UKHDOOD MEDICAL COMPLEX

पूर्व स्वीकृति मिति २०८०/१०/०९ LT. No. 298215 चलानी नं. ६०२१३६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Specialist Nursing | 0 | 5 | 3500 | १२४,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAROLI METAL SRL

पुर्व स्वीकृति मितिः२०७९/१२/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ LT. No. 283858 चलानी नं. ६०१९९१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 53 | 7 | 550 | ७२,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः ७०,०००

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Amal Overseas Pvt. Ltd.
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com

## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAWADER MAINTENANCE AND CLEANING COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/०८ LT. No. 298599 चलानी नं. ६०२१३६२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 15 | 0 | 1800 | ६३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः१०,०००

कम्पनी : HWA HUAT LIVESTOCK INDUSTRIES SDN.BHD

पूर्व स्वीकृति मिति २०८०/०५/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०९ LT. No. 292068 चलानी नं. ६०२०७३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ११८४०० | प्रति तोला – ११७८५० | प्रति तोला – १३७० |



**मेवा खेती** | नुवाकोटको विदुर नगरपालिका–५ तल्लोपिपलटारमा तामाङ मल्ट्री एग्रो कम्पनीले लगाएको मेवा। उक्त कम्पनीले यहाँ ४० रोपनी जग्गामा रोपेको छ हजार बोटमा फलेको 'रेड लेडी' जातको मेवा बजारीकरणका लागि तयार भएको छ। *तस्बिरः रामहरि न्यौपाने/रासस*

# 'बजेट अधुरा आयोजनामा केन्द्रित हुन्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले परम्परागत नीति तथा कार्यक्रम र बजेटले समस्या समाधान नहुने भएकाले आगामी आर्थिक वर्षको बजेट कनिका छरेजस्तो नभइ अधुरा आयोजनाको निर्माण सम्पन्न गर्न केन्द्रित हुने बताएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा मंगलबार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटको तयारीसम्बन्धमा भएको बैठकमा प्रधानमन्त्रीले अधुरा आयोजना पूरा गर्ने गरी आवश्यक तयारी गर्न मातहतका निकायलाई निर्देशन दिए। प्रधानमन्त्रीले पूराना योजना अलपत्र पर्ने तर नयाँ-नयाँ योजना थपिँदै जाँदा एकातिर काम नहुने र अर्कोतर्फ ठूलो स्रोत खेर जाने भएकाले यसतर्फ गम्भीर हुन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको ध्यानाकर्षण गराएका हुन्।

प्रधानमन्त्रीले भने, 'विकास योजनावद्ध हुन्छ र हुनुपर्छ। बिना सम्भाव्यता अध्ययन, बिना उपयोगिता जहाँ पनि विकास माग्ने तर त्यसको अपनत्व पनि नलिने, स्रोत पनि नपुग्ने र विनियोजित बजेट पनि फ्रिज जाने बिडम्वना छ। त्यसबाट हामी माथि उठ्नैपर्छ। विगतमा छनोट भएर अधुरा रहेका योजना सम्पन्न गर्न सम्पूर्ण तागत लगाउनुपर्छ।'

अर्थतन्त्रका सूचकहरू सकारात्मक रहेको भए पनि दबाबमुक्त भइनसकेको उनको भनाइ थियो। विकास निर्माणका काममा थुप्रै बेथिति रहेको भन्दै प्रधानमन्त्रीले भने, 'यसपटक परम्परागत सोंच र ढाँचाबाटमाथि उठौं। सबैलाई खुसी पार्ने होइन, देशको समृद्धिको कार्यभार पूरा हुने योजना छनोट गर्नुपर्छ। यसपटक 'ब्रेक-थ्रू' गर्नैपर्छ।'बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रका बाह्य सूचक सकारात्मक रहे पनि राजस्व सङ्कलनमा अपेक्षित सफलता प्राप्त भइनसकेकाले मितव्ययी भएर अगाडि बढ्नुपर्नेमा जोड दिए।

नेपाल सरकारका मुख्यसचिव डा. बैकुण्ठ अर्यालले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणको कार्यतालिका परिमार्जन गरिएकाले पर्याप्त अध्ययन र छलफलका आधारमा अन्तिम निष्कर्षमा पुग्न सजिलो हुने बताए। उक्त अवसरमा अर्थ मन्त्रालयका सचिव डा कृष्णहरि पुष्कर र सो मन्त्रालयका विभागीय प्रमुखहरूले अर्थतन्त्रको वर्तमान अवस्थाबारे विषयगत प्रस्तुति राखेका थिए।

बैठकमा प्रधानमन्त्री दाहालले विभिन्न १६ बुँदे निर्देशन दिए। उनले आगामी आर्थिक वर्ष र आगामी तीन वर्षका लागि स्रोतको अनुमान गरी सिलिङलाई अन्तिम रूप दिने प्रबन्ध गर्ने व्यवस्था गर्नुपर्ने बताए।

सिलिङलाई अन्तिम रूप दिनुअघि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले यही माघ २० गतेसम्म सबै मन्त्रालयसँग घनीभूत छलफल गरिसक्नुपर्नेछ। मन्त्रालय/निकायगत छलफल सकिएपछि माघ २५ गतेभित्र सबै मन्त्रालय/निकायसँग सामूहिक छलफल गरी राष्ट्रिय प्राथमिकता र राष्ट्रिय स्रोतको अवस्थाबारे छलफल गर्नुपर्नेछ।

यस्तै, हाल कार्यान्वयनमा रहेका आयोजना सम्पन्न हुने गरी बजेट विनियोजन गरिसकेपछि मात्र नयाँ कार्यक्रम तथा योजनाका लागि बजेट राख्नुपर्नेछ। प्रधानमन्त्री दाहालले राष्ट्रिय गौरवका आयोजनामा स्वीकृत खरिद गुरुयोजनाअनुरूप बजेट विनियोजन हुने सुनिश्चित गर्नुपर्ने बताए।

बहुवर्षीय स्रोत सुनिश्चितता दिइएका आयोजना तथा कार्यक्रममा आवश्यक बजेट विनियोजन गरिसकेपछि मात्र अन्य आयोजना तथा कार्यक्रममा बजेट राख्ने व्यवस्था गर्नुपर्ने उनको जोड छ। पूर्वतयारी पूरा भएका, आयोजना बैंकमा प्रविष्ट भएका र प्रतिफल दिने आयोजनाका लागि मात्र बजेट राख्ने, प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमका लागि मन्त्रालयमा बजेट राखी आर्थिक वर्षको बीचमा मन्त्रालयहरूले सशर्त अनुदानका रूपमा प्रदेश र स्थानीय तहमा पठाउने प्रवृत्ति बन्द गर्नैपर्ने प्रधानमन्त्रीको भनाइ थियो।

आयोजना वर्गीकरण मापदण्ड विपरीत हुने गरी सङ्घीय तहमा कार्यक्रम तथा आयोजना नराख्ने, बजेट छर्ने परिपाटी पूर्णरूपमा अन्त्य गर्ने, संसद्मा बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दा मन्त्रालय/निकायगत बजेट सिलिङसमेत अनुसूचीमा राख्ने प्रबन्ध गर्न प्रधानमन्त्रीले अर्थमन्त्रालयको ध्यानाकर्षण गराए।

बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा उठेका विषय र आम नेपालीले दिने सुझावसमेत समावेश गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले बजेट कार्यक्रम तयार गर्नुपर्ने उल्लेख गर्दै प्रधानमन्त्रीले राजस्व प्रणालीको पुनःसंरचना गर्ने व्यवस्था गर्न निर्देश गरे। उत्पादन र उत्पादकत्व वृद्धि गर्ने गरी राजस्व प्रणाली निर्माण गर्ने, राजस्वको दायरा बढाउने, तयारी वस्तुको भन्दा कम हुने गरी कच्चा पदार्थको भन्सार महसुल कायम गर्ने, कर संरचनामा परिमार्जन गर्नुपर्नेमा प्रधानमन्त्रीले जोड दिए।

बजेट निर्माण गर्दा देहायका विषयमा ध्यान दिने विषय समेत स्पष्ट रूपमा मार्गनिर्देशन गरेका छन्। उनले साधारण खर्चमा मितव्ययिता अपनाउने, विकास खर्च बढाउने, बाह्य तथा आन्तरिक ऋणको उपयोग विकास खर्चका लागि मात्र गर्ने, सम्भव भएमा बजेट उपशीर्षकगत स्रोत खुलाउँदा आन्तरिक ऋणको समेत उल्लेख गर्ने, आयोजना विशेष बण्ड जारी गर्ने तयारी गर्ने, प्राविधिक जनशक्ति उत्पादन र उपयोगका लागि बजेट विनियोजन गर्ने प्रबन्ध गर्नुपर्ने बताए।

# बूढीगण्डकीको काम तत्काल सुरु गर्न निर्देशन

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना नेपालको राष्ट्रिय गौरवको बहुआयमिक आयोजना भएकाले काममा तीव्रता दिन आग्रह गरेका छन्। बूढीगण्डकी आयोजनालाई अगाडि बढाउनेसम्बन्धी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारमा आयोजित छलफलमा प्रधानमन्त्रीले आयोजना निर्माणको कामलाई तीव्रता दिएर जानुपर्ने बताएका हुन्। बैठकमा प्रधानमन्त्रीले भने, 'बूढीगण्डकी जलासययुक्त आयोजना सामान्य परियोजना होइन, यो राष्ट्रिय गौरवको आयोजनाका साथै बहुआयमिक आयोजना पनि हो। हामीले १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सम्झौतापत्रमा हस्ताक्षर गरिसकेका छौं। तसर्थ, यस्ता आयोजनाहरूलाई विलम्ब नगरी अगाडि बढाउनुपर्दछ।'

जग्गा अधिग्रहण गरी मुआब्जासमेत बितरण गरिसकेको परिस्थितिमा आयोजनाको निर्माण कार्यबारे कुनै प्रकारको अन्यौलमा नरहन प्रधानमन्त्रीले मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र बूढीगण्डकी जलविद्युत् लिमिटेडलाई निर्देशनसमेत दिए। प्रधानमन्त्रीले भने, '४३ अर्ब मुआब्जा बितरण भइसक्यो। थप अधिग्रहणका निम्ति जग्गा रोक्का गरिएको छ। फिल्ड अफिस स्थापना गरेर उद्घाटनसमेत भइसक्यो।'

# आन्तरिक पर्यटक आकर्षित गर्दै चिन्डेडाँडा

**धरान–** धरान उपमहानगरपालिका-२० मा अवस्थित चिन्डेडाँडा (रमितेडाँडा) पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षक गन्तव्य बनेको छ। धरान बजारको रमणीय दृश्यका साथै इटहरी, चारकोसे झाडीलगायत तराईका गाउँको दृश्यावलोकन गर्न सकिने भएकाले चिन्डेडाँडामा दैनिक सयभन्दा बढी आन्तरिक पर्यटक पुग्ने गरेका छन्।

चिन्डेडाँडा घुम्न जानेहरू कोही 'हाइकिङ' गर्दै त कोही गाडी या मोटरसाइकलमा पुग्ने गर्छन्। त्यहाँ पुग्दा डाँडामा बसेर गीतसङ्गीतका साथ रमाइलो गर्नेहरू धेरै भेटिन्छन्।

हाल अमेरिका बस्दै आएका धरान-१६ का राजेन्द्र ताम्राकार घर आएको मौकामा नजिकै घुम्ने ठाउँको खोजीमा थिए। साथीहरूको सल्लाहमा उनी चिन्डेडाँडा पुगे। पहिला नाङ्गो डाँडाका रूपमा देखेको चिन्डेडाँडा अहिले घुम्ने नयाँ गन्तव्यका रूपमा विकास भएको देख्दा उनी चकित गरे। 'पहिला यहाँ आउन पाएको थिएन, यो ठाउँ यति रमाइलो होला भन्ने सोचेकै थिएन', चिन्डेडाँडामा घुम्दै भेटिएका उनले भने, 'यहाँबाट धरान बजारको दृश्य राम्रोसँग हेर्न सकिने रहेछ।'

धरानकै मिङ्मा शेर्पा पनि साथीभाइसँग रमाइलो गर्न चिन्डेडाँडा पुगेका थिए। रमाइलो र घमाइलो चिन्डेडाँडामा बसेर दृश्यावलोकन गर्नुको आनन्द वर्णन गरेर साध्य नहुने उनको अनुभव छ। धरानबाट हिँड्दै पनि पुग्न सकिने यो ठाउँ धरान, इटहरीलगायत पूर्व क्षेत्रका आन्तरिक पर्यटकका लागि उपयुक्त गन्तव्य बन्न सक्ने उनको भनाइ छ। उनी भन्छन्, 'बाटो अलि राम्रो बनाउने हो भने यहाँ अझ धेरै पर्यटक आउने निश्चित छ।'

चिन्डेडाँडा आसपासको क्षेत्रमा तामाङ समुदायको पुरानो बस्ती छ। अलि तल गुरुङ, राई, क्षेत्री, ब्राह्मणको बस्ती पनि छ। गुरुङ छाप, कार्की छापजस्ता नामले चिनिने ठाउँहरू यहाँ छन्। त्यहाँको अग्लो र खुल्ला डाँडा चाहिँ धरान बजारबाट देखिन्छ। धरानबाट उत्तरतर्फ हेर्दा नाङ्गो डाँडा देखिने भएकाले धरानबासीले चिन्डेडाँडाभन्दा भन्दै यसको नामै चिन्डेडाँडा रहनगएको स्थानीय बताउँछन्।

स्थानीय भने यो डाँडालाई रमितेडाँडा भनेर चिन्छन्। पहिलादेखि नै यहाँबाट धरान र तराईका फाँटको रमणीय दृश्य देखिने भएकाले बाटो हिँड्ने मान्छेहरू अडिएर रमिता हेर्थे। रमिता हेर्ने डाँडा भएकाले रमितेडाँडा भन्ने गरिएको स्थानीयको कथन छ। धरानबासीले चिन्डेडाँडा भन्दाभन्दै बाहिरका मान्छेले चिन्डेडाँडा भनेर चिन्न थालेपछि अहिले सबैले चिन्डेडाँडा भन्ने गरेका छन्।

पहिला उजाड र सुनसान गाउँका रूपमा रहेको यो ठाउँमा पर्यटकको चहलपहल हुन थालेको एक दशक भयो। पहिले चिन्डेडाँडाबाट प्याराग्लाइडिङको उडान पनि हुने गरेको थियो। प्याराग्लाइडिङले पनि यो ठाउँमा पर्यटकलाई आकर्षित गरेको भए पनि पछिल्लो समय त्यस ठाउँबाट प्याराग्लाइडिङ उडान बन्द भएको छ। बरु अहिले प्याराग्लाइडिङ उडाउने ठाउँमा होटल खुलेका छन्।

अहिले दिनमा दुई सयजनाको हाराहारीमा मान्छे घुम्न आउने गरेको स्थानीय होटल व्यवसायी लक्ष्मी तामाङको भनाइ छ। उनका अनुसार यो ठाउँमा घुम्न आउनेले जैविक खानेकुराको स्वाद लिन पाउँछन्। लोकल कुखुराको मासु, तोङ्बा, सुकुटी, गुन्द्रुकको अचार र भट्ट धानको भात यहाँको मौलिक परिकार हो। त्यसबाहेक बजारमा पाइने अन्य चाउमिन, मःम, चटपटेजस्ता खानेकुरा पनि पाइने उनी बताउँछन्। उनी भन्छन्, 'यहाँ तोङ्बा र सुकुटी धेरै बिक्छ, एकपटक आएका मान्छे फेरि फर्केर आइरहन्छन्।'

यो डाँडामा अहिले बास बस्नका लागि होटल र खानाका लागि खाजाघर खुलेका छन्। धेरैजसो दुई चार/घन्टा बसेर फर्किने गरी आन्तरिक पर्यटक चिन्डेडाँडा आउने गरेका र केही भने बास बस्दै आउने गरेको स्थानीय होटल व्यवसायी वसन्ती तामाङको भनाइ छ। उहाँका अनुसार धरान, इटहरीका मात्र नभई झापा, चितवन, काठमाडौंदेखिका मान्छे पनि धरान घुम्न आएको मौकामा यहाँ आउने गरेका छन्। 'टाढादेखि आएका मान्छे पनि रमाइलो मानेर फर्किनुहुन्छ, हामी त्यसमै खुसी छौं', उनी भन्छन्।

चिन्डेडाँडाभन्दा अलि माथि केही वर्षअघि कोशी प्रदेश सरकारको सहयोगमा दृश्यावलोकन स्तम्भ पनि निर्माण भएको छ। अलि तल पर्यटन व्यवसायी वासु बराल र एलिना मगरले सेछ एड्भेन्चर पार्क र रिसोर्ट सञ्चालन गरेका छन्। केही परको तामाङ बस्तीमा घरबास पनि सञ्चालित छ। पर्यटन व्यवसायी मगर चिन्डेडाँडा र आसपासका क्षेत्रमा आन्तरिक पर्यटकका लागि आकर्षक रमाइला स्थल रहेकाले पछिल्लो समय पर्यटनको विकास भइरहेको बताउँछन्।

धरानबाट चिन्डेडाँडा पुग्न कच्ची बाटो छ। हिँडेर जाँदा करिब एक घन्टा लाग्छ भने मोटरसाइकल वा गाडीमा जाँदा १५ देखि २० मिनेटमा पुगिन्छ। सर्दु खोलामा पुल निर्माण भएपछि चिन्डेडाँडा पुग्न सहज भएको छ। अझै कच्ची बाटो भएकाले कतिपयले अप्ठ्यारो मान्ने गरेका कारण राम्रो बाटो बनाउन ध्यान दिनुपर्ने अवस्था रहेको व्यवसायी मगर बताउँछन्।

धरानका नगरप्रमुख हर्क साम्पाङको नेतृत्वमा हाल चिन्डेडाँडा क्षेत्रमा किरात राई समुदायका देउता सुम्निमा पारुहाङको प्रतिमा निर्माण गरिने भएको छ। सुम्निमा पारुहाङको प्रतिमा स्थापनापछि यो क्षेत्रको पर्यटन विकास तीव्र गतिमा अघि बढ्ने नगरप्रमुख साम्पाङको विश्वास छ। *रासस*

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असरः

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगलेः**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकूल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपांगतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं–७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्णबहादुर कार्की, **सम्पादक**ः विष्णु तामाङ